का.जि.प्र.का.द.नं. १००/०५९/६०
२६ फागुन २०८२
मंगलबार
10 March 2026
Tuesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २४, अंक ४७ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

## मधेशमै बढारिए मधेशवादी दल



"मधेशका मुद्दा उठाउनेलाई १० प्रतिशत पनि मत नदिएर सय प्रतिशतको अपेक्षा राख्दा काम हुनसकेको थिएन । विचार सिद्धान्त र कामका आधारमा मत दिनुपर्नेमा यसपटक हल्लाखोरहरू चुनिएका छन् ।

■ **केशव झा**
महासचिव, राष्ट्रिय मुक्ति पार्टी



"मधेशवादी दलहरूले मधेशको मुद्दा उठाए । तर, कार्यान्वयन नभएकाले यसपटक जनमत बदलियो । यो परिणामले उनीहरूलाई फेरि उठ्न निकै सकसपूर्ण देखिन्छ ।

**राजेश कर्ण**
विश्लेषक



"समाज र राजनीतिमा कुनै भूमिका नभएकाहरू कसरी जितेर आए भन्ने विषयमा राष्ट्रिय बहस हुनुपर्दछ । हामीले हारे पनि मुलुकले हार्नुहुँदैन । जनताले हार्नुहुँदैन ।

■ **उपेन्द्र यादव**
अध्यक्ष, जसपा नेपाल

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २५ फागुन ।

बितेका दुई दशकयता तराई-मधेशलाई आफ्नो मुख्य आधारभूमि बनाएर क्षेत्रीय शक्तिका रूपमा रहेका मधेशकेन्द्रित दलहरू यसपटकको निर्वाचनमा एकैपटक बढारिएका छन् ।

मधेशको राजनीतिका प्रभावशाली दलहरू उपेन्द्र यादव नेतृत्वको जसपा, महन्थ ठाकुरको लोसपा, राजेन्द्र महतोको राष्ट्रिय मुक्ति पार्टी नेपाल, सिके राउत नेतृत्वको जनमत पार्टी र रेशम चौधरीको नेपाल नागरिक उन्मुक्ति पार्टीको प्रतिनिधित्व एकैसाथ शून्यमा झरेको छ । प्रत्यक्षतर्फका एक सय ६५ सिटमध्ये मधेशकेन्द्रित दलका कुनै पनि उम्मेदवारले जित्न सकेनन् । अन्तिम चरणमा पुगेको समानुपातिक मत गणनाले यी कुनै पनि दलले तीन प्रतिशत थ्रेसहोल्ड कटाउन सक्ने देखिँदैन । २०४८यता पहिलोपटक प्रतिनिधिसभामा मधेसका क्षेत्रीय दलको प्रतिनिधित्व नहुने स्थिति आएको हो ।

मधेसमा क्षेत्रीय राजनीतिको सुरुवात २०४६ सालको परिवर्तनसँगै सुरु भएको थियो । नेपाल सद्भावना पार्टीबाट सुरु भएको मधेस राजनीतिले २०६३/६४ को मधेस आन्दोलनपछि आकार लिएको थियो । सो आन्दोलन मधेशी जनअधिकार फोरमको नेतृत्वमा भएको थियो । सोही आन्दोलनबाट जसपा अध्यक्ष उपेन्द्र यादवलगायत नेताहरू उदाए । तर, मधेसकेन्द्रित दलहरू सग्लो भने रहेनन् । टुटफुट र विभाजनको लामो शृंखला बेहोरेका यी दलहरूको प्रभाव अन्ततः मधेसमै देखिन छाडेको हो । गत निर्वाचनमा मधेस प्रदेशमा सिके राउत नेतृत्वको जनमत पार्टी र पश्चिम तराईमा रेशम चौधरी संरक्षक रहेको नागरिक उन्मुक्ति पार्टी उदाएका थिए । ती दलले पनि एक कार्यकाल पूरा नहुँदै जनमत गुमाएका छन् ।

यस्तो स्थिति किन आयो ?
सद्भावना पार्टी हुँदै एकता र विभाजनको लामो शृंखला पार गर्दै अहिले राष्ट्रिय मुक्ति पार्टी नेपालको अध्यक्ष बनेका राजेन्द्र महतो मधेशी जनताले कुनै पृष्ठ २ मा

## ओलीलाई अध्यक्ष छाड्न दबाब





"निर्वाचनमा आफ्नो मतमार्फत जनताले हाम्रो नीति र नेतृत्वलाई शान्तिपूर्ण रूपमा अस्वीकृत गरेका छन् । यो आजको वस्तुगत यथार्थ हो । हामीले आफूभित्र सर्वांगीण रूपान्तरणमार्फत जनसमर्थन पुनः आर्जनको बाटो लिनुपर्दछ ।

■ **योगेश भट्टराई**
उपमहासचिव, एमाले

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २५ फागुन

नेकपा एमालेभित्र नेतृत्व परिवर्तनको आवाज उठ्न थालेको छ । प्रतिनिधिसभा सदस्यको निर्वाचनमा पार्टीले अप्रत्याशित हार बेहोरेसँगै पार्टीभित्रै अध्यक्ष केपी शर्मा ओलीलाई अध्यक्ष छाड्न दबाब दिन थालेका छन् ।

पार्टीको सचिवालय, केन्द्रीय समिति हुँदै जिल्ला तहका नेताले समेत सामाजिक सञ्जालमार्फत अब सच्चिएर जानुपर्ने बताउन थालेका छन् । त्यसको काउन्टरमा संस्थापन पक्षले व्यक्तिगत टिप्पणीतर्फ नलागी पार्टी बैठक पर्खन आग्रह गरेको छ ।

एमाले सचिवालय स्रोतले मध्यान्ह दैनिकसँग कुरा गर्दै निर्वाचन परिणाम सम्पूर्ण रूपमा आएपछि सचिवालय बैठक बस्ने जानकारी दियो । त्यसपछिका बाटाहरू सचिवालय बैठकले तय गर्ने पनि स्रोतको भनाइ थियो ।

> प्रतिनिधिसभा सदस्यको निर्वाचनमा अप्रत्याशित हार बेहोरेसँगै नेकपा एमालेभित्र नीति र नेतृत्व परिवर्तनको बहस सुरु भएको हो । यस्तो बहसमा एमालेका दोस्रो र तेस्रो तहका नेताहरू सक्रिय भएका छन् ।

'निर्वाचन परिणाम सामूहिक उत्तरदायित्वको विषय हुँदाहुँदै एउटा व्यक्तिलाई दोषी करार गर्नु उचित हुन्न बरु वस्तुनिष्ठ समीक्षा गर्नुपर्छ,' संस्थापन पक्षका एक नेताले भने ।

पार्टीका उपमहासचिव योगेश भट्टराईले सोमबार बिहान फेसबुकमा 'कमरेडहरू, हामी ढलेका मात्र हौं, मरेका होइनौं' शीर्षकमा सातबुँदे भनाइ पोस्ट गर्दै यो निर्वाचनले एमालेको नीति र नेतृत्वलाई जनताले शान्तिपूर्ण रूपले अस्वीकृत गरेको उल्लेख गरेका छन् ।

यो आजको वस्तुगत यथार्थ भएको जिकिर गर्दै उनले अब आफू (एमाले)भित्र सर्वांगीण रूपान्तरणमार्फत जनसमर्थन पुनः आर्जनको पृष्ठ २ मा

## छानिए सांसद पूर्ण तयार छैन सभाकक्ष
### एउटा हल 'फिनिसिङ' गरेर शपथ गराउने तयारी





"अब जडान हुने सबै प्रणाली विदेशबाट सामान ल्याएर बनाउनुपर्ने रहेछ । कतिपय सामान पानीजहाजबाट ल्याउने तयारी भइरहेको जानकारी पाइएको छ । त्यो नसकिँदासम्म भित्रका काम पनि गर्न नसकिएको स्थिति छ ।

■ **एकराम गिरी**
प्रवक्ता, संसद् सचिवालय

**रूपेश आचार्य/मध्यान्ह**
काठमाडौं, २५ फागुन ।

प्रतिनिधिसभा निर्वाचनको प्रत्यक्षतर्फको मतपरिणाम करिब आइसकेको छ भने मंगलबारसम्म समानुपातिक मत पनि गनेर सकिँदै छ । तर, नवनिर्वाचित सांसदका लागि संसद् भवन भने तयार भइसकेको छैन । संविधानतः 'अन्तिम परिणाम आएको ३० दिनभित्र बस्नुपर्ने' सदनको बैठकका लागि ठाउँ तयार गर्न संसद् सचिवालयलाई भ्याइ नभ्याइ छ ।

सिंहदरबारको पुतली बगैंचास्थित एक सय ५७ रोपनी जमिनमा बनिरहेको संसद् भवन बाहिरबाट तयार हुनै लागेको देखिन्छ । तर, मसिना भित्री काम छिट्टै पूरा हुने छाँटकाँट भने देखिँदैन । शपथ खुवाउनकै लागि भए पनि नयाँ भवनमा एउटा हल 'फिनिसिङ'को काम हतारहतार भइरहेको छ ।

बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रस्थित संसद् भवन गत २३-२४ भदौको जेनजी आन्दोलनका क्रममा जलाइयो । वार्षिक एक करोड रुपैयाँभन्दा बढी भाडा तिरेर २०६३ देखि त्यहाँ संसद् बैठक सुरु गरिएको थियो । नयाँ संसद् भवनका लागि भवन निर्माण विभागअन्तर्गत विशेष भवन निर्माण परियोजनाको रेखदेखमा तुंदी–एचएसइसी जेभी निर्माण कम्पनीले २०७६ असोज १६ गते तीन वर्षमा काम सम्पन्न गर्ने गरी ठेक्का पाएको थियो । सम्झौताअनुसार समयमा काम नसकिएपछि पाँचौंपटक म्याद थप्दा समेत सरकारलाई भवन हस्तान्तरण गर्न सक्ने अवस्था छैन ।

परियोजनाले दिएको पछिल्लो जानकारीअनुसार निर्माण कार्यमा कुल भौतिक प्रगति ९३ प्रतिशत भएको छ भने वित्तीय प्रगति मात्र ७८ प्रतिशत छ । यस्तो अवस्थामा छिटो काम सम्पन्न गरेर भिडियो, साउन्ड, नेटलगायत तयारी गर्न पनि करिब एक साताको समयअन्तर राखेर संसद् सचिवालयलाई हस्तान्तरण गर्नुपर्ने हुन्छ । 'अब जडान हुने सबै प्रणाली विदेशबाट सामान पृष्ठ २ मा

### प्रत्यक्षतर्फ अन्तिम नतिजा

| पार्टी | सिट | |
|---|---|---|
| रास्वपा | १२५ सिट | जित |
| नेपाली कांग्रेस | १८ सिट | जित |
| नेकपा एमाले | ९ सिट | जित |
| नेकपा | ८ सिट | जित |
| श्रम संस्कृति पार्टी | ३ सिट | जित |
| राप्रपा | १ सिट | जित |
| स्वतन्त्र | १ सिट | जित |

**वैदेशिक रोजगार विशेष**

## आक्रमण र प्रत्याक्रमण जारी रहँदा आवागमन प्रभावित

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ फागुन

इरानमा अमेरिकी तथा इजरायली आक्रमण र प्रत्याक्रमण जारी रहँदा वैदेशिक रोजगारको चक्रमा रहेका नेपाली कामदारको सास्ती बढेको छ । नेपाल सरकारले श्रम स्वीकृति रोकेका कारण नेपालबाट जान नपाएकाहरूको स्वदेशमा छट्पटी बढेको छ भने श्रम गन्तव्य मुलुकबाट उडान रद्द हुँदा स्वदेश फर्किन चाहनेलाई समस्या परेको छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयले हाल दैनिक डेढ दर्जन हाराहारीमा उडान रद्द भइरहेको जनाएको छ । सोमबारमात्रै नेपाल एयरलाइन्स, हिमालय एयरलाइन्स, कतार एयरलाइन्स, जजिरा एयरवेज, एयर अरेबिया, फ्लाइ दुबईका विभिन्न रुटका उडान रद्द भएका छन् । यसले ३० भन्दा बढी आगमन र प्रस्थान गर्ने उडान प्रभावित हुने गरेको छ ।

कुवेतस्थित नेपाली दूतावासले कुवेतको हवाई क्षेत्र खुलेपछि मात्र नियमित उडान सुरु हुने भन्दै अद्यावधिक सूचनाका लागि कुवेतको उड्डयन प्राधिकरणको वेबसाइट हेर्न र सम्बन्धित वायुसेवा प्रदायक ट्राभल एजेन्सीसँग निरन्तर सम्पर्क राख्न भनेको छ ।

दूतावासले पश्चिम एसियाली देशहरूमा विकसित परिस्थिति मध्यनजर गर्दै सजगता अपनाउन नेपालीलाई अनुरोधसमेत गरेको छ । नेपाली दूतावासले कुवेत सरकारले भिजिट भिसावाहकको भिसा एक महिनाका लागि थप गरेको र सिभिल आइडीसम्बन्धी पृष्ठ २ मा

## जेनजी माननीय



**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, २५ फागुन ।

'जेनजी र सरकारबीचको सम्झौता कार्यान्वयन गर्न जेनजी नै सदनमा पुग्नुपर्छ ।' यो नवलपुर-२ का २६ वर्षीय मनीष खनालको भनाइ हो । अहिले उनी स्वयं सदनमा पुगेका छन् ।

भदौ २३ र २४को आन्दोलनमा सक्रिय खनाल नेपाल जेनजी फ्रन्टका संवाद समिति संयोजक मात्र थिएनन्, अधिवक्तासमेत रहेका उनले सरकार र जेनजीबीचको सम्झौताको मस्यौदा तयार पार्नसमेत मुख्य भूमिका खेलेका थिए । जेनजी आन्दोलनपछि सरकारसँग सम्झौतामा सबैको पृष्ठ २ मा

### लक्ष्य जेनजीको माग सम्बोधन

कक्षा ११ पढ्दै गर्दा विवेकशील अभियानसँग जोडिएका मनीषको पहिलो प्रयास जेनजी मागलाई सम्बोधन गर्न भूमिका खेल्नु हुनेछ । त्यसपछि आफूले विगतदेखि उठाउँदै आएका सामाजिक र राजनीतिक मुद्दाको विषयमा थप काम गर्ने उनको लक्ष्य छ । डा. गोविन्द केसीको भ्रष्टाचारविरोधी सत्याग्रहको समर्थन, निर्मला पन्तको न्यायका लागि भएका अन्दोलनका सहभागी मात्र होइन विभिन्न भ्रष्टाचारविरोधी मुद्दामा समेत सक्रिय उनी ती पृष्ठभूमिका आधारमा सदनमा भूमिका खेल्न चाहन्छन् । पृष्ठ २ मा



मध्यान्ह
www.madhyanhadaily.com
२६ फागुन २०८२ मंगलबार
10 March 2026 Tuesday

# दलित बस्तीमा प्रवेश गरी कुटपिट गरेको आरोप

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २५ फागुन

रौतहटको फतुवा विजयपुर नगरपालिका वडा नं. ५ सन्तपुरमा दलित समुदायमाथि भएको भनिएको आक्रमणको घटनाले यतिबेला सामाजिक सञ्जाल र स्थानीय स्तरमा ठूलो आक्रोश पैदा गरेको छ। फागुन १९ गते उक्त घटनामा दलित समुदायका व्यक्तिहरूलाई सांघातिक आक्रमण गरी गम्भीर घाइते बनाइएको र महिलाहरूको अस्मितामाथि समेत खेलबाड गरिएको पीडित पक्षको गम्भीर आरोप छ।

पीडित परिवारले सोमबार पत्रकार सम्मेलनमा स्थानीय प्रभावशाली व्यक्तिहरूको एक समूहले योजनाबद्ध रूपमा दलित बस्तीमा प्रवेश गरी कुटपिट गरेको बताइएको छ।

आक्रमणबाट नरेश राम, सीता राम, ललन राम, बिरजा राम र राजकुमार राम लगायतका व्यक्तिहरू गम्भीर रूपमा घाइते भएका छन्। घाइतेहरूको शरीरका विभिन्न भागमा





गहिरो चोट लागेको र उनीहरूको उपचार भइरहेको पीडित परिवारले जनाएको छ।

कुटपिट मात्र नभइ आक्रमणकारीहरूले सोही समुदायका चेलीबेटीहरूमाथि समेत अमानवीय व्यवहार र अस्मितामाथि आँच पुऱ्याउने कार्य गरेको आरोप सामाजिक सञ्जालमा सार्वजनिक भएका भिडियो र बयानहरूमा उल्लेख छ।

पीडित पक्षले घटनामास्थानीय भुनेश्वर यादव, पसिन्द्र यादव, नितेश यादव, जगु यादव (नगेन्द्र यादव), सुखारी यादव, गिरधारी यादव, नबिन कुमार यादव र जयप्रकाश यादव रहेको बताएका छन्। तर घटना भएको दुई दिन बितिसक्दा पनि दोषीहरू पक्राउ नगरिएको पीडित पक्षले बताएका छन्।

पीडित पक्षले न्याय माग्न जाँदा उल्टै पीडितहरूलाई नै नियन्त्रणमा लिने र दोषीहरूलाई संरक्षण दिने काम प्रहरीबाट भइरहेको आरोप लगाएको छ।

'हामी कुटिएका छौं, हाम्रा चेलीबेटीको इज्जत लुटिएको छ, तर प्रहरीले दोषीलाई समात्नुको साटो हामीलाई नै त्रसित बनाइरहेको छ,' एक पीडितले गुनासो गरे।

जातीय विभेद र हिंसाविरुद्ध सक्रिय अधिकारकर्मीहरूले यस घटनालाई लोकतान्त्रिक मुलुककै कलंकको रूपमा चित्रण गरेका छन्।

नेपालको संविधानले जातीय आधारमा हुने विभेद र हिंसालाई कठोर अपराध मानेको अवस्थामा रौतहटमा भएको यो घटनाले विधिको शासनमाथि नै चुनौती थपेको उनीहरूको ठहर छ।

## मधेशमै....

भुलभुलैयामा परेर आफ्नै प्रतिनिधिलाई हराएको बताउँछन्। समग्र मधेसका लागि यो निर्वाचन औचित्यहीन भएको उनको बुझाइ छ। मधेस आन्दोलनको नेतृत्वकर्ता जसपा नेपालबाट उठेका ९४ उम्मेदवारका एजेन्डा यसपटक मतदाताले खासै सुनेनन्। मधेसमा भावी प्रधानमन्त्रीका रूपमा रास्वपा वरिष्ठ नेता बालेन्द्र शाहको जबर जस्त प्रभाव देखियो। जसपाका चितवन-३ का उम्मेदवार थमनसिंह सुनारले सात मत मात्रै प्राप्त गरे भने अध्यक्ष यादव सप्तरी-३मा १५ हजार दुई सय ३९ मत ल्याएर पराजित भए। जसपा अघिल्लो संसद्मा सात प्रत्यक्षसहित १२ सिट लिएर संसद्मा गएको थियो। नेता अशोक राईले सात सांसदसहित पार्टी विभाजन गरेपछि जसपा कमजोर बनेको थियो।

त्यस्तै, सिके राउत नेतृत्वको जनमत पार्टीले देशभर ६१ उम्मेदवार उठाएकोमा एक सिट पनि हात परेन। सप्तरी-२ बाट उठेका राउतले नौ हजार आठ सय ८० मत प्राप्त गरे पनि जित्न सकेनन्। सो दलले अघिल्लो निर्वाचनमा ५४ क्षेत्रमा उम्मेदवार उठाएकोमा प्रत्यक्षमा राउतले जितेका थिए। जनमत राष्ट्रिय दल बनेको थियो।

राष्ट्रिय मुक्ति पार्टीका प्रत्यक्षतर्फका उम्मेदवारले पाँचदेखि पाँच हजार नौ सय ५२ मतसम्म प्राप्त गरेका छन्। सर्लाही-२ बाट उठेका अध्यक्ष राजेन्द्र महतोले पाँच हजार नौ सय ५२ मत पाए पनि पराजय बेहोरे। सो पार्टीले ३३ क्षेत्रमा उम्मेदवार उठाएको थियो। महन्थ ठाकुर नेतृत्वको तत्कालीन लोसपाबाट अलग भएर महतोले २०८० फागुनमा राष्ट्रिय मुक्ति क्रान्ति अभियान हुँदै २०८१ माघमा राष्ट्रिय मुक्ति पार्टी नेपाल गठन गरेका थिए। रेशम चौधरी संरक्षक रहेको नागरिक उन्मुक्ति पार्टी नेपाल र अशोक राई नेतृत्वको जनता समाजवादी पार्टीसँग चुनावमा सहकार्य गरी एउटै चुनाव चिह्न 'जाँतो' लिएर चुनावमा गए पनि मतदाताले पत्याएनन्। अघिल्लो संसद्मा पश्चिम तराईका बर्दिया र कैलालीबाट चार सिट जितेको नाउपाले २६ निर्वाचन क्षेत्रमा उम्मेदवार उठाए पनि सबैजसो जिल्लामा जमानत जफत भयो। यता, प्रभु साह नेतृत्वको आम जनता पार्टी (आजपा)का उम्मेदवारले यसपटक कतै जित्न सकेनन्। अघिल्लो चुनावमा साह एमालेको टिकट लुकाएर स्वतन्त्र उम्मेदवारीमार्फत संसद्मा पुगेका थिए। अध्यक्ष साहले रौतहट-३ बाट नौ हजार आठ सय ९० मत पाउँदा काठमाडौं-३बाट उम्मेदवार बनेकी रूपसागर देवीले दुई मत मात्रै पाएकी छिन्। यो पार्टीले ९८ क्षेत्रमा उम्मेदवारी दिएको थियो। पत्रकार ऋषि धमलासमेत यही पार्टीबाट चुनाव लडेका थिए।

यसपटकको चुनावले २०४८ सालमा सद्भावना पार्टीबाट राजनीति थालेका हृदयेश त्रिपाठीदेखि राजेन्द्र महतोसम्मको संसद्यात्रामा ब्रेक लगाएको छ। नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)-१बाट जसपा उम्मेदवार त्रिपाठीले पनि चुनाव हारेका छन्। पञ्चायतकालदेखि निरन्तर मन्त्री बन्दै आएका शरदसिंह भण्डारीलाई यसपटक महोत्तरी-२का मतदाताले रोकेका छन्। उनी पञ्चायतदेखि कांग्रेस हुँदै मधेसवादी दलबाट तराई-मधेसकै राजनीतिबाट निरन्तर जित्दै १९पटक मन्त्री बनिसकेका नेता हुन्। तर, यसपटक उनले जमानत जोगाउनसमेत सकेनन्। मधेशकेन्द्रित दलहरूको समानुपातिकतर्फको नतिजा झन् दयनीय छ। समानुपातिकतर्फ ११० सिट रहेको संसद्मा राष्ट्रिय दल बन्नका लागि एक प्रत्यक्षसहित कुल सदर मतको तीन प्रतिशत थ्रेसहोल्ड कटाउनुपर्ने कानुनी व्यवस्था छ। तर, कुनै दलले थ्रेस होल्ड कटाउने देखिँदैन।

मधेश प्रदेशका ३२ वटै निर्वाचन क्षेत्रबाट उम्मेदवारी दिएका मधेशवादी दलका शीर्ष नेतासहित सबै उम्मेदवारले पराजय बेहोर्दा मधेशका ३० वटा निर्वाचन क्षेत्रमा रास्वपाका उम्मेदवार विजयी भएका छन्। रौतहट-२ बाट कांग्रेसका मो.फिरदोश आलमले जितेर बीउ जोगाएका छन् भने धनुषा-१मा रास्वपाका उम्मेदवार किशोरी साह 'कमल'को उम्मेदवारी खारेजको विवाद अदालत पुगेको छ।

मधेश राजनीतिका जानकार पत्रकार राजेश कर्णले मधेशवादी दलहरूलाई निर्वाचन परिणामले फेरि उठ्न सकसपूर्ण अवस्थामा पुऱ्याएको बताए। 'मधेशवादी दलहरूलाई अब उठ्न निकै सकसपूर्ण छ,' उनले मध्यान्हसँग भने, 'मधेशवादी दलहरूले मधेशको मुद्दा उठाए, तर ती मुद्दा कार्यान्वयन गर्न नसकेका कारण यसपटक जनमत बदलियो। उनीहरू पार्टीको मूल नेतृत्व र सत्ताकेन्द्रित राजनीतिमा मात्रै रमाउने कारण यो अवस्था आएको हो।' संघीयता र आरक्षणको मुद्दा राज्यले सम्बोधन गरिसकेको र मधेशवादीले उठाएका एजेन्डालाई रास्वपाले सम्बोधन गर्ने विश्वाससहित जनमत बदलिएकाले रास्वपाले मधेशी जनमतको विश्वासघात गर्न नहुने उनी बताउँछन्। मधेशलाई राष्ट्रको मूल धारमा जोड्नुपर्ने उल्लेख गर्दै भने, 'जसरी कर्णलीले रास्वपालाई एक सिट दियो, त्यसैगरी मधेशले पनि कांग्रेसलाई एक सिट मात्रै दिएर रास्वपाप्रति अपेक्षा गरेको छ। यसलाई अबको सरकारले उचित सम्बोधन गर्नैपर्छ।'

मधेश राजनीतिको जग बसाएका अधिकांश दल र नेताहरूलाई निर्वाचन परिणामले ध्वस्त बनाएपछि नेताहरू नयाँ ढंगबाट आगामी यात्रा तय गर्ने बताउँछन्। निर्वाचन परिणामपछि जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले यो निर्वाचनले मधेशसहित देशभरबाट सात दशक पुराना दलहरू बढारेको बताए। समाज र राजनीतिमा कुनै लगानी नभएका उम्मेदवारसँग लामो संघर्ष र राजनीतिक लगानी भएका दलका उम्मेदवार पराजयको विषय राष्ट्रिय बहसको विषय बन्नुपर्ने उनको भनाइ छ। 'समाज र राजनीतिमा भूमिका नभएकाहरू कसरी जितेर आए भन्ने विषयमा राष्ट्रिय बहस हुनुपर्दछ,' यादवले भने, 'हामीले हारे पनि मुलुकले हार्नुहुँदैन। जनताले हार्नुहुँदैन। राजनीति भनेको जनताको सेवा हो। सडकमा होस् या सदनमा हामी जनताकै सेवामा रहन्छौं।'

मधेशमा रास्वपा नेता बालेनका कारण जनमत बदलिँदा लामो समयदेखि मधेशको राजनीतिमा दबदबा राखेका मधेशवादी दलहरूको अस्तित्वमै संकटमा परेको विश्लेषण भइरहेको छ। पहिलो मधेसी प्रधानमन्त्री बनाउने लहरले मधेसले पुराना दललाई नरोजेको जसपा अध्यक्ष यादवको तर्क छ।

कुनै नेताविशेषको रिसको झोंकमा मधेशी जनताले आफ्ना प्रतिनिधिलाई हराएको परिणाम भविष्यमा भोग्नुपर्ने बताउँछन्, राष्ट्रिय मुक्ति पार्टीका महासचिव केशव झा। 'मधेशका मुद्दा उठाउने दल र नेताहरूलाई जनताले पहिलेदेखि नै १० प्रतिशत पनि मत नदिने, तर सय प्रतिशत अपेक्षा राख्दा केही काम गर्न नसकिएको हो,' उनले भने 'राजनीतिमा विचार सिद्धान्त र उसले गरेका कामका आधारमा जनताले मत दिनुपर्नेमा यसपटक हल्लाखोरहरूलाई मात्रै चुनेको छ।'

## ओलीलाई ...

बाटो लिनुपर्ने धारणा राखेका छन्। निर्वाचन सकिएको तीन दिनयता करिब एक हजार जनासँग फोनमा कुरा भएको र त्यत्तिकै संख्यामा म्यासेज हेरेको उल्लेख गर्दै भट्टराईले त्यसमा अधिकांश पार्टी सदस्यहरूले मिश्रित धारणा राखेको समेत सार्वजनिक गरेका छन्। 'बोल्नुपऱ्यो, पहल लिनुपऱ्यो भनेर प्रेरणादायी अनि दबाबयुक्त कुरा पनि सुनेको छु,' उनको पोस्टमा उल्लेख छ। भदौ २३ र २४पछि एमालेले लिएका नीति ठिक छैनन् त्यसमा करेक्सन गरौं भनेर आफूहरूले नेतृत्व र सिंगो पार्टी पंक्तिलाई बैठक, भेटघाट र महाधिवेशनमार्फत पटकपटक अनुरोध गरेको तर सफल नभएको उनको भनाइ छ। 'अब पुनः छलफल र बहस खुला गर्नु पर्दछ,' पोस्टमा उनले भनेका छन्।

नेकपा एमाले यो अवस्थामा आउनुमा पार्टीले लिएका नीति मात्र नभई नेताहरू पनि जिम्मेवार रहेको उनको बुझाइ छ। नीतिगत र कार्यकारी भूमिकामा रहेको केन्द्रीय कमिटी, केन्द्रीय सचिवालयले नै जस-अपजसको भारी बोक्नुपर्दछ,' उनको भनाइ थियो।

सिंगो पार्टी पंक्तिलाई हिजोका गुट (समूह)का घेराबाट बाहिर निस्केर खुलस्त बहसमा सहभागी हुन आह्वान गर्दै उनले पार्टी, जनसंगठन र प्रवासका तहगत कमिटी र सदस्यहरूलाई आफ्ना राय सुझाव पार्टी नेतृत्वसमक्ष पठाउनसमेत अनुरोध गरेका छन्।

यसअघि केन्द्रीय सदस्य उषाकिरण तिम्सेनाले विगत १२ वर्ष, केपी ओली अध्यक्ष भएदेखि बाटो बिराउन थालेको दाबी गरेकी छिन्। 'हामीले बहुमत जनताको मनोभावना नबुझी आफ्नै ढिपी, घमण्ड, अहंकार जोत्दैजोत्दै आयौं। अनि अहिले आएर यो तहको ठक्कर खायौं,' उनको भनाइ छ।

उपाध्यक्ष विष्णु पौडेलले विगतमा पार्टीका तर्फबाट भएका गल्ती-कमजोरीको गम्भीर समीक्षा गर्नुपर्ने उल्लेख गरेका छन्। निर्वाचन परिणाम सार्वजनिक भएपछि फेसबुक पोस्ट गर्दै उनले जनअपेक्षाअनुसार आफैंलाइ रूपान्तरण गर्नुपर्ने बताउँदै उनले नेकपा (एमाले)को नीति, नेतृत्व, संगठन र कार्यशैलीलाई जनअपेक्षाअनुरूप पुनर्गठन गर्न अग्रसरता लिने प्रतिबद्धतासमेत व्यक्त गरेका छन्।

अर्का केन्द्रीय सदस्य गोकुल बाँस्कोटाले फेसबुकमा प्रतीकात्मक टिप्पणी गर्दै पार्टी नेतृत्वलाई 'समयअनुसार नचले डाइनोसर बन्ने खतरा रहेको' बताएका छन्।

नेता प्रदीप ज्ञवालीले पार्टीका नेताहरूले आ-आफ्नो धारणा सार्जजनिक गर्दा पार्टीलाई थप हानि हुने बताउँदै त्यस्तो हुन नदिन केन्द्रीय समितिको अविलम्ब बैठक बस्न जरुरी भएको बताएका छन्।

पार्टीको विपक्षमा जनमत जाने गरी के-के भएका थिए ? ती घटनालाई सच्याउन सकिने थियो वा काबुबाहिरको परिस्थिति थियो भन्ने कुरामा गम्भीर अध्ययन गर्नैपर्ने पनि उनले बताए।

संस्थापन पक्षका नेता सूर्य थापाले भने पार्टीका विषयवस्तु बाहिर नपोख्न चेतावनी दिँदै पार्टी महाधिवेशनमा अस्वीकृत र पराजित भएका आधारमा चलखेल गरिनु सर्वथा मुर्खताबाहेक केही नहुने उल्लेख गरेका छन्।

हरेक व्यक्तिको भूमिका जनता र कार्यकर्ताको सार्वजनिक निगरानीबाहिर नरहेको वास्तविकतालाई हेक्का राख्न चेतावनी दिँदै थापाले पार्टी र आन्दोलनका विरोधी र वैरीहरूको बोलीमा लोली मिलाएर जगहसाइ नगर्न पनि सुझाएका छन्।

एमाले नेतृ रामकुमारी झाँक्रीले भने सामाजिक सञ्जालमा आएका विषयले पार्टीको आधिकारिकता नबोक्ने बताएकी छिन्। सोमबार राष्ट्रिय सभा सदस्यको शपथग्रहणपछि सञ्चारकर्मीसँग कुरा गर्दै उनले संस्थागत निर्णय पर्खिनुपर्ने बताइन्।

## छानिए...

ल्याएर बनाउनुपर्ने रहेछ। कतिपय सामान पानीजहाजबाट ल्याउने तयारी भइरहेको जानकारी पाइएको छ। त्यो नसकिँदासम्म भित्रका काम पनि गर्न नसकिएको स्थिति रहेछ,' शनिबार निर्माणाधीन भवनको कार्यप्रगति बुझ्न त्यहाँ पुगेका संसद्का एक पदाधिकारीले नाम उल्लेख नगर्ने सर्तमा मध्यान्हलाई भने। संसद सचिवालयका प्रवक्ता एकराम गिरीले अन्यत्र ठाउँ खोज्दा पनि व्यवस्थापनका लागि समय लाग्ने र खर्चिलो समेत हुने भएकाले बन्दै गरेको भवन निर्माण सकेर हस्तान्तरण गर्नुको विकल्प नभएको बताए। 'हामीलाई चैतको पहिलो हप्तासम्म तयारी भवन चाहिन्छ, अरू कुरा जान्दैनौं भनेका छौं,' उनको भनाइ थियो।

संसद् भवन पूरै तयार हुन नसके विकल्पमा त्यहीँ बन्दै गरेको एक बहुउपयोगी हललाई शपथ ग्रहणलगायत प्रारम्भिक कामका लागि ल्याउनेबारे संसद् सचिवालयका अधिकारीहरूले छलफल अघि बढाएका छन्। उक्त हलमा शपथ गराउन सके सदनको पूर्ण बैठकका लागि केही समय प्राप्त हुने प्रवक्ता गिरीको भनाइ छ। बन्न लागेको संसद् भवनमा सात सय सिट क्षमताको प्रतिनिधिसभा बैठक कक्ष छ। सभा हल चार सय र बाल्कोनी तीन सय सिट क्षमताका छन्। राष्ट्रिय सभा हल दुई सय ९० सिट क्षमताको छ। दुवै कक्षको बीचमा तीन सय ५० सिट अट्ने संयुक्त लबी छ।

'प्रतिनिधिसभा भवनको मुख्य हल धेरै अग्लो र तीन तहमा फल्ससिलिङ हाल्नुपर्ने भएकाले समय पुगेन,' मध्यान्हसँग कुरा गर्दै सहरी विकास तथा भवन निर्माण विभागका उपमहानिर्देशक रोशन श्रेष्ठले बताए। फल्ससिलिङ राख्न प्रयोग गरिएका खटहरू खोल्नका लागि मात्र करिब दुई साता लाग्ने भएकाले पनि बहुउपयोगी हललाई विकल्पका रूपमा अघि सारिएको भनाइ उनको थियो।

## आक्रमण...

अवधि ३ महिना थप गरेकाले त्रसित नहुन र नेपालीलाई कन्सुलर तथा अन्य सेवा आवश्यक परे दूतावासले नियमित खुला रहेको बताएको छ। इरानले अघिल्लो हप्ता छिमेकी मुलुकमाथि आक्रमण नगर्ने बताएपछि केही राहत महसुस गरेपनि सोमबार टर्कीको हवाई क्षेत्रमा मिसाइल प्रवेश गराएको छ। युएईको विदेश मन्त्रालयले यो घटना एक हप्ताभन्दा कम समयमा टर्कीलाई लक्षित गर्ने दोस्रो प्रयास भएको बताएको छ। आक्रमणलाई 'राज्यको सार्वभौमसत्ताको स्पष्ट उल्लंघन' र क्षेत्रीय सुरक्षाका लागि खतरा भनेको छ। यसले छिमेकी र मित्र राष्ट्रहरूमाथि निरन्तर आक्रमणहरू अस्वीकार्य रहेको र त्यसले क्षेत्रभरि तनाव बढाउने जोखिम रहेको चेतावनी दिएको छ।

## जेनजी...

स्वामित्व स्थापित गर्न राजनीतिक दलहरू पनि सामेल गराइनुपर्ने प्रस्ताव उनले राखेका थिए। तर, त्यसो हुन नसकी सरकार र जेनजीबीच मात्र उक्त सम्झौता भयो। चुनावी सरकारमै जेनजीको प्रतिनिधित्व गरेका त्यस्तै अर्का जेनजी हुन्, २८ वर्षीय बब्लु गुप्ता। उनलाई पनि आफ्नो आवाज उठाउन संसदको रोस्ट्रम प्राप्त हुँदै छ। सिरहा-१बाट सांसदका रूपमा निर्वाचित भएका उनी मन्त्री पदबाट राजीनामा दिँदै राष्ट्रिय स्वतन्त्र पार्टीबाट चुनाव लडेका थिए। जेनजी समूहबाटै युवा तथा खेलकुदमन्त्री भएपछि बनेको सार्वजनिक छवि र देशभर आएको राष्ट्रिय स्वतन्त्र पार्टीको लहरको बलमा ४१ हजार तीन सय ३३ मत प्राप्त गरी निर्वाचित भएका हुन्, बब्लु। युवा तथा खेलकुद मन्त्रालय सम्हाले पनि जनस्वास्थ्यमा स्नातक अध्ययनरत बब्लुले सदन र सरकारलाई उक्त विषयमा विशेषज्ञका रूपमा सहयोग गर्न सक्छन्। मकवानपुर-२बाट २५ वर्षीय प्रशान्त उप्रेती ३० हजार ५० मतसहित निर्वाचित भए। मुख्यतः जेनजी प्रतिनिधिका रूपमा निर्वाचनमा होमिएका उनले यसअघि आमाघर र सामुदायिक सचेतना नेपालजस्ता संस्थामार्फत सामाजिक कार्यको थालनी गरेका थिए। साथै, मैनादेवी फाउन्डेसन तथा हन्ड्रेड ग्रुपसँग पनि आबद्ध भएर काम गरेका थिए।

सामाजिक सेवातर्फको अनुभवका आधारमा नागरिकमैत्री नीति निर्माणदेखि कार्यान्वयनका लागि काम गर्ने योजना उप्रेतीको छ। 'छिटो छरितो सेवा, सुशासनका साथै पारदर्शी, जवाफदेही र जनमुखी सेवा प्रवाहका लागि सदन मार्फत काम गर्नेछु,' उनले भने।

जेनजी आन्दोलनको रापतापमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनले युवा उमेरका जनप्रतिनिधिको संख्या उल्लेख्य पाएको छ। अघिल्ला निर्वाचनमा एकाधको संख्यामा युवा उमेरका सभासद हुन्थे। यसपटक आठजना त जेनजी मात्रै निर्वाचित भएका छन्। कैलाली-२ बाट १९ हजार ५७ मतसहित २६ वर्षका केपी खनाल र ५६ हजार पाँच सय ५० मत पाएर निर्वाचित रुपन्देही-२ का २८ वर्षका सुलभ खरेलसमेत यो पंक्तिमा सामेल छन्।

जेनजी आन्दोलनको केन्द्रविन्दु राजधानीले पनि यसपटक जेनजीलाई आफ्नो प्रतिनिधि चुनेको छ। काठमाडौं-५बाट विद्यार्थी राजनीतिबाट उदाएका नेपाली कांग्रेसका नेता प्रदीप पौडेलको ठाउँमा यसपटक २९ वर्षका सस्मित पोखरेल ३० हजार सात सय ३७ मतसहित निर्वाचित भए। त्यस्तै झापा-१बाट २९ वर्षकी निशा डाँगी ४५ हजार ६ सय ८० मतसहित निर्वाचित भएकी छिन्। त्यस्तै, खोटाङ-१बाट २९ वर्षका आरेन राई १६ हजार ६ सय १२ मत लिएर निर्वाचित भएका छन्। राई श्रम संस्कृति पार्टीबाट उम्मेदवार थिए। अन्य निर्वाचित जेनजी भने रास्वपाबाट उठेका थिए।

राष्ट्रिय युवा परिषद् ऐन, २०७२ तथा राष्ट्रिय युवा नीति, २०७२ अनुसार १६ देखि ४० वर्ष उमेर समूहलाई 'युवा' मानिन्छ। नेपालको कुल जनसंख्यामध्ये १६ देखि ४० वर्ष उमेर समूहको हिस्सा करिब ४०.३५ प्रतिशत छ। २०७९को प्रतिनिधिसभा निर्वाचनमा एक सय ६५मध्ये ४० वर्षमुनिका १० जना मात्रै निर्वाचित भएका थिए। त्यसबेला ७० वर्षमाथिका १४ जना सांसद निर्वाचित भएका थिए भने बाँकी ४० देखि ७० वर्षका सांसद थिए।

## लक्ष्य...

'विगतदेखि नै सामाजिक तथा राजनीतिक मुद्दा उठाउँदै आएको थिएँ, त्यही दौरानमा भदौ २३को आन्दोलन संस्थागत गर्न आफैं सरिक भएर केही भूमिका खेलेको हुँ,' उनले भने। राजनीतिक दलहरूले यसहघि विचारका धैरै कुरा गरेको र अब भने व्यवहारमा लागू गर्नुपर्ने उनको भनाइ छ। 'विचारमा मात्रै सीमित नरहेर डेलिभरी दिने खालको राजनीतिमा लाग्नुपर्छ,' उनले भने, 'विधानबाट समृद्धि भन्ने मेरो बटमलाइन लिएर अगाडि बढ्ने तयारी गरिराखेको छु। म जेनजी विद्रोहको मागलाई स्थापित गर्ने लक्ष्यसहित पाँच वर्ष काम गर्ने प्रतिबद्धता जनाउँछु।'

पूर्वमन्त्री बब्लु अन्तरिम सरकारमा हुँदाका अनुभवका आधारमा योजनाबद्ध काम गर्न संसद्मै जानुपर्छ भन्ने लागेर निर्वाचनमा उठेको बताउँछन्। मन्त्री हुँदा उनले खासगरी आफ्नो पहलमा लामो समयदेखि अलपत्र अवस्थामा रहेको लहानस्थित रामकुमार सारडा-उमाप्रसाद मुरारका स्मारक अस्पतालको जग्गा नामसारी प्रक्रिया अघि बढाएका थिए।

मकवानपुर-२का २५ वर्षीय प्रशान्त उप्रेती ३० हजार ५० मतसहित निर्वाचित भए। जेनजी उमेरकै भएका कारण जेनजीको प्रतिनिधित्व गर्न निर्वाचनमा होमिएको उनी बताउँछन्। उनले सुरुआतमा आमाघर र सामुदायिक सचेतना नेपालमार्फत सामाजिक कार्यको थालनी गरेका थिए। मैनादेवी फाउन्डेसन तथा हन्ड्रेड ग्रुपसँग पनि आबद्ध भएर काम गरेका थिए। उनी सामाजिक क्षेत्रमा क्रियाशील थिए। नागरिकमैत्री नीति निर्माणदेखि कार्यान्वयनका लागि काम गर्ने योजना उनले बनाएका छन्। 'छिटोछरितो सेवा, सुशासनलगायतको योजना छ,' उनले भने, 'सामाजिक सेवामा गरेको प्रत्यक्ष अनुभवका आधारमा पारदर्शी, जवाफदेही र जनमुखी काम गर्नेछु।'

**मलेसियामा रोजगार**
कम्पनी : HUNG KEE HONG ELECTRONICS & METAL SDN. BHD. शहर: Malaysia
पूर्व स्वीकृत मितिः २०८१/११/२५ चलानी नं.: ६०२५३२६७ L.T. No.: 339969

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 15 | 0 | स. काममा दक्ष | 1700 | ६३,१०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाण्डौमा २०८२ चैत ३ गते (17 March 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt Lic. No.: 1738/081/82
SAMPADA HR OVERSEAS PVT. LTD.
Bhimsengola, Kathmandu, Tel. : 01-4502100, 9849335016, 9851070741

**Modi Rural Municipality**
**Office of Rural Municipal Executive**
**Patichaur, Parbat**
**Gandaki Province, Nepal**

**Invitation for Sealed Quotation**

**Third Date of publication: B.S. 2082/11/26 (10th March, 2026)**

Modi Rural Municipality, Office of Rural Municipal Executive, Patichaur, Parbat invites Electronic bids from Nepalese eligible bidders for the procurement of works which are mentioned on following table under Sealed Quotation. All other information and bid document can be downloaded from PPMO's website **www.bolpatra.gov.np/egp.** All eligible bidders are requested to submit E-Bid only as per instruction within the mentioned period.

| S. N. | Description of works | Contract No. | Estimated Amount (Including of VAT, P.S & Contingencies) in NRs. | Bid Doc. Fee | Minimum Bid Security Amount in Nrs. |
|---|---|---|---|---|---|
| 1 | Combined Package of Remaining construction work of the Ward Office building (Ward no. 1 and 5) | 05/MRM/SQ/WORKS/(082/083)-Re2 | 18,99,614.60 | NRs.1,000 | 45,000.00 |

**Information to deposit the cost of bidding document and Bid Security in Bank.**

**For Bid Document Fee**
Name of Bank: Nepal Bank Ltd, Modi Branch
Account Name: GA 1.1 Aantarik Rajaswo Khata
Account no: 32603000001001000001

**For Bid Security**
Name of Bank: Nepal Bank Ltd, Modi Branch
Account Name: GA 3 STHANIYA TAHA DHARAUTI KHATA
Account Number: 32603000003001000001

**Chief Administrative Officer**

# रवि र बालेनसँग भारतीय प्रधानमन्त्री मोदीको टेलिफोन संवाद, सहकार्य गर्ने प्रतिबद्धता

**काठमाडौं/मस–** भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा उल्लेखनीय सफलता हासिल गरेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने र वरिष्ठ नेता बालेन्द्र शाहसँग टेलिफोन संवाद गर्दै बधाई दिएका छन् ।

सोमबार भएको टेलिफोन संवादमा मोदीले दुवै नेतालाई निर्वाचनमा प्राप्त जीत तथा रास्वपाको उल्लेखनीय सफलताका लागि बधाई दिँदै आगामी दिनमा बन्ने नयाँ सरकारका लागि शुभकामना व्यक्त गरेका छन् । उनले यसबारे सामाजिक सञ्जाल एक्स (ट्विटर) मार्फत जानकारी गराएका हुन् ।



मोदीले नेपालसँग पारस्परिक समृद्धि, प्रगति र दुवै देशका नागरिकको हितका लागि सहकार्य गर्न भारत प्रतिबद्ध रहेको उल्लेख गरेका छन् । संयुक्त प्रयासमार्फत आगामी वर्षहरूमा नेपाल-भारत सम्बन्धलाई अझ उचाइमा पुऱ्याउन सकिने विश्वास पनि उनले व्यक्त गरेका छन् ।

फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा रास्वपाले प्रत्यक्षतर्फ १२५ सिटसहित दुईतिहाइ बहुमत नजिकको सफलता हासिल गर्ने अवस्थामा पुगेको छ । सो निर्वाचनअघि नै रास्वपाले बालेनलाई प्रधानमन्त्रीको उम्मेदवारका रूपमा अघि सार्ने सहमति गरिसकेको थियो । निर्वाचनको प्रत्यक्ष र समानुपातिकतर्फको अन्तिम परिणाम आउने क्रम चलिरहँदा मोदीले दुवै नेतासँग संवाद गरेका हुन् । यसअघि पनि उनले फागुन २१ को निर्वाचन सफलतापूर्वक सम्पन्न गराएकोमा नेपाल सरकार र नेपाली जनतालाई बधाई दिएका थिए ।

# गृहमन्त्री अर्यालद्वारा काठमाडौं प्रहरी परिसरको अनुगमन

**काठमाडौं/मस–** गृहमन्त्री ओमप्रकाश अर्याल तथा गृह मन्त्रालयका उच्चस्तरीय अधिकारीसहितको टोलीले जिल्ला प्रहरी परिसर काठमाडौंको अनुगमन तथा निरीक्षण गरेको छ ।

सो क्रममा गृहमन्त्री अर्यालले पुरुष तथा महिला हिरासत कक्षमा रहेका थुनुवाहरुसँग कुराकानी गरेका थिए । थुनुवाहरुले आफूहरुले प्राप्त गरिरहेको सुविधाप्रति सन्तुष्ट रहेको जानकारी गराएको मन्त्रालयका सहप्रवक्ता रमा आचार्यले बताइन् । मन्त्री अर्यालका साथमा गृहसचिव राजकुमार श्रेष्ठ, मन्त्रालयको सुरक्षा समन्वय महाशाखाका प्रमुख एवं प्रवक्ता आनन्द काफ्ले, काठमाडौंका प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेल, मन्त्रालयको शान्ति सुरक्षा तथा



अपराध नियन्त्रण शाखाका प्रमुख तथा सहप्रवक्ता रमा आचार्य, गृहमन्त्रीका निजी सचिव परशुराम पोखरेललगायतको सहभागिता थियो । उनले परिसर हातामा वृक्षरोपणसमेत गरेका थिए ।

अनुगमनको क्रममा मन्त्री अर्यालसहितको टोलीलाई परिसर प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक रमेश थापाले परिसरले प्रवाह गरिरहेको सेवा, विद्यमान अवस्था, तथा आगामी योजना साथै निर्वाचनपूर्व, निर्वाचनको समय र निर्वाचनपश्चात् सुरक्षा व्यवस्थापनमा अपनाइएको रणनीतिबारे जानकारी गराए ।

नेपाल प्रहरीको भूमिकाको उच्च प्रशंसा गर्दै मन्त्री अर्यालले नेपाल प्रहरी सामूहिक नेतृत्वको अवधारणाबाट अघि बढेकाले सरकार प्रहरी र नागरिकबीच सहकार्य बलियो भएको बताए ।

# निर्वाचन आचारसंहिता निष्क्रिय



**काठमाडौं/मस–** निर्वाचन आयोगले राष्ट्रियसभा सदस्य निर्वाचन र प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि गत माघ ४ गते राति १२ बजेदेखि लागू गरेको 'निर्वाचन आचारसंहिता, २०८२' मंगलबारदेखि लागू नहुने निर्णय गरेको छ ।

आयोगले सोमबार राति १२ बजेदेखि लागू हुने निर्णय गरेको प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए । गत माघ ११ गते सम्पन्न राष्ट्रियसभा सदस्य निर्वाचन र फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा स्वच्छता, निष्पक्षता, पारदर्शिता तथा भयमुक्त वातावरण कायम गर्नका लागि निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ तथा निर्वाचन आचारसंहिता, २०८२ को दफा १ को उपदफा (२) बमोजिम आचारसंहिताको व्यवस्था गत माघ ४ गते रातिदेखि अर्को सूचना जारी नभएसम्मका लागि लागू गरिएको थियो ।

गत माघ ४ गतेको आयोगको निर्णयअनुसार त्यसै राति १२ बजेदेखि आचारसंहिता लागू भएको थियो । उक्त आचारसंहिता आज रातिदेखि निष्क्रिय हुने आयोगले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

# बालेनले आयोगमा बुझाए चुनावी खर्च विवरण, १४ लाख १७ हजार रुपैयाँ खर्च



**काठमाडौं/मस–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता बालेन शाहले प्रतिनिधिसभा निर्वाचनमा भएको आफ्नो चुनावी खर्च विवरण निर्वाचन आयोगमा बुझाएका छन् ।

झापा निर्वाचन क्षेत्र नं. ५ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित शाहले सोमबार आयोगमा आफ्नो खर्च विवरण पेश गरेका हुन् । उनले निर्वाचन अभियानका क्रममा कुल १४ लाख १७ हजार २ सय ८९ रुपैयाँ खर्च भएको विवरण बुझाएका छन् ।

आयोगमा बुझाइएको विवरण अनुसार सवारी साधन भाडामा २ लाख ९३ हजार ५ सय रुपैयाँ, हवाइ भाडामा ३५ हजार रुपैयाँ, मतदाता प्रशिक्षण कार्यक्रमका लागि खाना खर्च २९ हजार ३ सय ९० रुपैयाँ, वडा स्तरीय प्रचार कार्यक्रमका लागि खाजा खर्च २८ हजार ९ सय ७० रुपैयाँ खर्च भएको उल्लेख छ । त्यस्तै विभिन्न प्रचार कार्यक्रमका लागि ५ लाख ८० हजार रुपैयाँ खर्च गरिएको विवरणमा जनाइएको छ ।

सबैभन्दा कम खर्च भने उम्मेदवारी मनोनयन प्रक्रियामा भएको देखिएको छ । मनोनयनका लागि १० हजार रुपैयाँ खर्च भएको शाहले आयोगलाई बुझाएको विवरणमा उल्लेख छ । गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा शाहले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई पराजित गर्दै झापा-५ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका थिए ।

# काठमाडौं विश्वको सबैभन्दा प्रदूषित सहर

**काठमाडौं/मस–** काठमाडौं उपत्यकामा पछिल्ला दिनहरूमा वायु प्रदूषण तीव्र रूपमा बढेको छ । अन्तर्राष्ट्रिय संस्था 'आइक्यु एयर'का अनुसार सोमबार अपराह्नसम्म काठमाडौं विश्वकै सबैभन्दा बढी प्रदूषित सहरको सूचीमा पहिलो स्थानमा पुगेको छ ।

हावाको गुणस्तर मापन गर्ने अन्तर्राष्ट्रिय वेबसाइट 'आइक्यु एयर'का अनुसार सोमबार अपराह्न काठमाडौंको वायु गुणस्तर सूचकांक (एक्युआई) १८४-१८५ को हाराहारीमा पुगेको छ, जुन जनस्वास्थ्यका दृष्टिले निकै 'अस्वस्थ' मानिने स्तर हो ।

सोही सूचकांकका आधारमा बंगलादेशको ढाका करिब १७० एक्युआईका साथ दोस्रो स्थानमा छ भने भारतको कोलकाता १६९-१७३ एक्युआईसहित तेस्रो स्थानमा रहेको छ । त्यस्तै भारतको दिल्ली १६० एक्युआईसहित चौथो र इटालीको मिलान १५९ एक्युआईसहित पाँचौं स्थानमा रहेका छन् ।

पछिल्ला केही दिनयता काठमाडौं उपत्यकाको आकाश बाक्लो तुवाँलोले ढाकिएको छ । घाम कम देखिनुका साथै सर्वसाधारणले प्रत्यक्ष रूपमा प्रदूषणको असर महसुस गरिरहेका छन् । धेरैलाई आँखा पोल्ने, घाँटी चिलाउने तथा श्वासप्रश्वासमा असहजता हुने समस्या देखिन थालेको छ ।

विज्ञहरूका अनुसार सवारी साधनको बढ्दो चाप, सडक विस्तारका क्रममा उड्ने धुलो तथा देशका विभिन्न भागमा लागिरहेको वन डढेलोका कारण काठमाडौंको वायु गुणस्तर झन् खराब बन्दै गएको हो ।

उच्च वायु प्रदूषणका कारण विशेषगरी बालबालिका, वृद्धवृद्धा तथा पहिलेदेखि दम वा मुटु सम्बन्धी समस्या भएका व्यक्तिहरू बढी जोखिममा पर्ने चिकित्सकहरूले बताएका छन् । यस्तो अवस्थामा अत्यावश्यक कामबाहेक बाहिर ननिस्कन र 'मर्निङ वाक' तथा अन्य बाहिरी शारीरिक व्यायाम नगर्न उनीहरूले सुझाव दिएका छन् ।



## वायु प्रदूषणबाट बच्न स्वास्थ्य मन्त्रालयको आग्रह

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले वायु प्रदूषणबाट बच्न सबैलाई आग्रह गरेको छ । मन्त्रालयका प्रवक्ता डा.प्रकाश बुढाथोकीले काठमाडौं उपत्यकामा वायु प्रदूषण बढेकाले त्यसबाट बच्न सबैलाई आग्रह गररेका छन् । उनले वायु प्रदूषणबाट मुटु, रक्तनली, फोक्सो, दम, क्यान्सर, आँखा, मिर्गौलालगायतमा समस्या देखिने भएकाले सचेत रहन आग्रह गरे ।

मन्त्रालयका प्रवक्ता बुढाथोकीले दीर्घरोगी र गर्भवती महिलालाई समेत वायु प्रदूषणले असर गर्ने भएकाले त्यस्ता समूह सकभर बाहिर ननिस्कनसमेत अनुरोध गरे । वायु प्रदूषणले बालबालिका, ज्येष्ठ नागरिक एवं दम खोकीजस्ता श्वासप्रश्वाससम्बन्धी दीर्घरोगीलाई बढी असर गर्ने भएकाले विशेष सावधानी अपनाउनसमेत मन्त्रालयले आग्रह गरेको छ ।

मन्त्रालयले सबैलाई बिहान र बेलुका बाहिर ननिस्कन र बाहिर निस्कन परे मास्क लगाउन आग्रह गरेको छ । पुराना गाडीले वायु प्रदूपण बढाउने, वनमा डढेलो, उद्योगधन्दा र विभिन्न निर्माण सामग्रीमा भएका धुलोधुवाँका कारणले प्रदूषण बढेको उनको भनाइ छ ।

अझै एकहप्ता काठमाडौंमा प्रदूषण रहने मन्त्रालयले जनाएको छ । वायु प्रदूषणको कारण काठमाडौं उपत्यकाको आकाश धुम्म छ र घाम लाग्न सकेको छैन । वातावरण विभागका अनुसार केही दिनमा मौसमी प्रतिकूलताका कारण देशका विभिन्न भागमा प्रदूषणको स्तर बढ्दै गइरहेको छ । विशेषगरी काठमाडौं, पोखरालगायत देशका ठूला सहरमा मसिना कणहरु बढेको जनाइएको छ ।

## कार्यकर्तालाई योगेश भट्टराईको सन्देश

# कमरेडहरू, हामी ढलेका मात्र हौं, मरेका होइनौं !

**काठमाडौं/मस–** नेकपा एमालेका उपमहासचिव योगेश भट्टराईले निर्वाचनमा जनताले मतमार्फत एमालेको नीति र नेतृत्वलाई शान्तिपूर्ण रूपले अस्वीकृत गरेको स्वीकारेका छन् । यो वस्तुगत यथार्थ स्वीकारेर आफूभित्र सर्वांगीण रूपान्तरणमार्फत जनसमर्थन पुनः आर्जनको बाटो लिनुपर्ने उनले बताएका छन् ।

एमाले यो अवस्थामा आउनुमा पार्टीले लिएका नीति मात्र होइन, जिम्मेवारीमा रहेका तहगत कमिटी र नेताहरू सबै भागीदार रहेको नेता भट्टराईले बताएका छन् । 'नीतिगत र कार्यकारी भूमिकामा रहेको केन्द्रीय कमिटी, केन्द्रीय सचिवालयले नै जस अपजसको भारी बोक्नुपर्दछ । यो सबैको जवाफदेहिता फेरि पनि प्रमुख नेता कै रहन्छ,' उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'सफलता वा असफलतापछिको जवाफदेहिताको कार्यान्वयन कसरी हुन्छ ? पूर्वाग्रह, भावना र षड्यन्त्रको सिद्धान्तबाट माथि उठेर पार्टीभित्र यसमा गम्भीर छलफल गर्नु पर्दछ ।'



उपमहासचिव भट्टराईले पार्टीले सामना गर्नु परेको अवस्था र असफलता सिगो पार्टीको असफलता भएको उल्लेख गर्दै सामूहिक बुद्धि, विवेक र सामूहिक पहलबाट मात्र यो अवस्थालाई बदल्न सकिने बताएका छन् ।

'म सबै नेता कमरेडहरू र सिंगो पार्टी पंक्तिलाई हिजोका गुट/समूहका घेराबाट बाहिर निस्केर खुला खुलस्त बहसमा सहभागी हुन आह्वान गर्दछु । सथै पार्टी, जनसंगठन र प्रवासका तहगत कमिटी र सदस्य कमरेडहरूलाई आफ्ना राय सुझावहरू पार्टी नेतृत्वसमक्ष पठाउन अनुरोध गर्दछु,' उनले भने, 'कमरेडहरू, हामी ढलेका मात्र हौं, मरेका होइनौं । सही नीति, सही संगठन, सही नेतृत्व, सही व्यवहार र सही कार्यशैलीमार्फत हामी उठ्ने छौं र पार्टी, जनता र राष्ट्रको स्वाभिमानलाई फेरि उठाउने छौं । संयम र धैर्यताकासाथ पार्टीको एकता जोगाउन र सही मार्गमा अघि बढ्न र आत्मभर्त्सना होइन, आत्मसमीक्षाको बाटोमा हिँड्न एमालेका सम्पूर्ण कमरेडहरूलाई हार्दिक अपिल गर्दछु ।'

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/११/२६**

मिति २०८२/११/०८ गते सम्पन्न वार्षिक साधारण सभाको निर्णय बमोजिम **साविक कम्पनी पिक एभिएसन प्रा.लि.** नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **पिक वर्ल्डवाइड एक्सप्रेस कार्गो एण्ड कुरियर प्राइभेट लिमिटेड (Peak Worldwide Express Cargo & Courier Pvt. Ltd.)** कायम गर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**दोस्रो पटक सूचना प्रकाशन मितिः २०८२/११/२६**

मुलपानी सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई समुहको घाटगद्धीमा राखिएको खयर जातको गोलिया काठ १५८५.८९ क्यु.फि. जे-जस्तो अवस्थामा छ,सो ही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सुचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ संस्था,फर्म वा कम्पनीले यो सुचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र बोलपत्र खरिद गरि नियमानुसार सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिने छ । पुर्ण व्यहोराको सुचना यस सा.व.उ.स. को सुचना पाटीमा टाँस गरिएको छ ।

**श्री मुलपानी सामुदायिक वन उपभोक्ता समूह**
**जानकी गा.पा. ९ कैलाली र गेरुवा गा.पा. १ र २ बर्दियाख**

**नेपाल सरकार**
**वैदेशिक रोजगार विभाग, काठमाडौं**
**दावी विरोध सम्बन्धी सूचना**
**सूचना प्रकाशित मिति : २०८२/११/२६**

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त संस्था श्री **S.L.D INTERNATIONAL PVT.LTD. (ई.प.नं. ६७२/०६३/६४)** ले यस विभाग समक्ष कास्की जिल्ला पोखरा महानगरपालिका-०९ मा शाखा कार्यालय खोली शाखा प्रमुखमा कास्की जिल्ला थुम्की वडा.नं. ५ बस्ने श्री विशाल खवास राना लाई नियुक्त गरी संचालन गर्दै आएकोमा उक्त शाखा कार्यालय रद्द गरी धरौटी रकम फिर्ता गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सवुद प्रमाण सहित **वैदेशिक रोजगार विभागको संस्था दर्ता तथा समन्वय शाखामा** सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८२/११/२५ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शाखा कार्यालयको इजाजतपत्रपत्र रद्द गरी धरौटी रकम फिर्ता भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

**काठ/दाउरा प्रति ईकाई दररेटको आधारमा बोलपत्रद्वारा लिलाम विक्रिको सूचना**

**पहिलो पटक प्रकाशन मिति २०८२/११/२६**

यस वैदा सामुदायिक वन उपभोक्ता समूह वारबर्दिया न. पा. १०, बर्दियाको सामुदायिक वन क्षेत्रबाट आ.व. २०८२/०८३ मा विभिन्न प्रजातिको काठ ३०४.२०६. फि. र दाउरा १.०६ चट्टा अनुमानित लगत वमोजिम प्रति ईकाई दररेटमा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ/दाउरामा आधारित उद्योग संचालन गर्न अनुमतिप्राप्त गरि संचालनमा रहेको उद्योगहरुले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरि २२ औ दिनको १२:०० बजे भित्र शिलवन्दी वोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस समूहमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ । पूर्ण व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री वैदा सामुदायिक वन उपभोक्ता समूह वारवर्दिया न.पा. १०, बर्दिया ।**

**VACANCY ANNOUNCEMENT**

**China Greatwall Health Center (Hospital) Pvt. Ltd. required candidates having knowledge of following expertise:**

**Doctor - Few / Surgeon (Colorectal/Urology).**

**Expertise of Candidates:**
- At list 10 years experience of related field.
- Registered in his/her country of Medical council.
- Expert candidate can be apply.
- Selected candidate will inform.

**Deadline of submission of Application is 25th March 2026.**

**Email : greatwallchina0@gmail.com**

**पातारासी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**डिल्लीचौर, लासी**
**जुम्ला, नेपाल**

**बोलपत्र स्विकृत गर्ने आसय पत्रको सूचना**

**प्रकाशन मिति २०८२।११।२६**

यस कार्यालयबाट मिति २०८२/१०/११ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार तपशिल बमोजिमको योजना निर्माण कार्यका लागि यस गाउँपालिकामा रितपूर्वक दर्ता हुन आएका बोलपत्र दाताहरुको मूल्याङ्कन समितिबाट मूल्याङ्कन भई गरीएको सिफारिस वमोजिम देहायका न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएकोले बोलपत्र स्विकृतको लागि सार्वजनिक खरिद ऐन २०६३ दफा २७ को उपदफा २ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आसयपत्रको सूचना सबैको जानकारीको लागी प्रकाशित गरिएको छ ।

**तपशिल**

| ठेक्का नं. | कामको विवरण | तपशिल छनौट भएको वोलपत्रदाताको विवरण | बोल कवोल अंक (भ्याट र पि. एस. सहित) |
|---|---|---|---|
| NCB/Work/2082/083/PRM-03 | कार्यालय भवन निर्माण, पातारासी गा.पा.-१, जुम्ला | द हिमालयन कन्ट्रक्सन, चन्दननाथ न.पा.-१, जुम्ला | रु. ७६,९४,७४८.६९ |

**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com
२६ फागुन २०८२ मंगलबार
10 March 2026 Tuesday

## सम्पादकीय

# जनादेशको सन्देश

प्रतिनिधिसभा निर्वाचनको प्रत्यक्षतर्फको सम्पूर्ण मतपरिणाम सार्वजनिक हुँदा साढे तीन वर्षअघि गठन भएको राष्ट्रिय स्वतन्त्र पार्टी दुईतिहाइ बहुमतसहित सत्तारोहण गर्ने देखिएको छ । मंगलबारसम्म समानुपातिक मतगणना सकिँदा रास्वपाको आकार थप प्रस्ट हुनेछ । तर, निर्वाचनले दिएको सन्देश भने प्रस्ट भइसकेको छ । जेनजी आन्दोलनपछिको भिन्न परिस्थितिमा समयावधिभन्दा दुई वर्षअघि नै भएको निर्वाचनमार्फत आमनागरिकले वर्षौंदेखि आलोपालो सत्तामा पुगिसकेका दलहरूलाई पन्छाउँदै नयाँ दललाई जनादेश दिएका छन् । पटक–पटकका जनआन्दोलनबाट व्यवस्था बदलेर पनि आमअपेक्षाअनुसारको अवस्था परिवर्तन गर्न नसकेका पुराना दलहरूलाई यसपटक दण्डित गरेका छन् । मतदाताले नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टीदेखि राप्रपा र मधेसवादी दलहरूलाई सरकारका लागि अस्वीकृत गर्दै नयाँ दल रास्वपाप्रति आशाको मत खन्याएका छन् । त्यसअर्थमा यो रास्वपाप्रतिको आकर्षणभन्दा पुराना दलप्रतिको वितृष्णाको मतजस्तो देखिन्छ ।

भदौ २३–२४को जेनजी आन्दोलनको मुख्य माग अति दलीयकरण, बेथिति र भ्रष्टाचारको अन्त्य, सुशासन र स्वदेशमै रोजगारी थियो । दशकौंदेखि पालैपालो सत्तामा पुगे पनि पुराना दलहरूले जनताका ती माग पूरा गर्न सकेनन् भन्ने आमबुझाइ रह्यो । त्यसले शासनसत्ताप्रति असन्तुष्टि, वितृष्णा र आक्रोश थियो । जेनजी आन्दोलनका क्रममा त्यही प्रकट भएको मानिन्छ । भलै, त्यो आन्दोलनमा अराजक समूहको घुसपैठले ठूलो मानवीय एवं भौतिक क्षति हुन पुग्यो । ताजा जनादेशमार्फत आमनागरिकले सुशासन, प्रणाली सुधार, पारदर्शिता र रोजगारीका लागि नयाँ दललाई चुनेका छन् । जनताले पालैपालो सबैलाई अवसर दिएका छन् । २०१५, २०४८ र २०५६मा नेपाली कांग्रेसलाई, २०६४मा तत्कालीन माओवादी र २०७४मा वाम गठबन्धनलाई विश्वास गरेका हुन् । तर, ती दलहरूले एजेन्डाअनुसार काम गर्न सकेनन् । त्यसैले यसपटक पुरानालाई बिदा गरेर नयाँलाई मौका दिएका छन् ।

ताजा जनादेशले लामो राजनीतिक अस्थिरताबाट देशलाई मुक्ति दिने अपेक्षा गरिएको छ । २००७ सालमा प्रजातन्त्र स्थापनायता कुनै पनि प्रधानमन्त्रीले पाँच वर्ष काम गर्न पाएका छैनन् । यस्तोमा २०१५ सालपछि यसपालि रास्वपाले दुईतिहाइ बहुमत प्राप्त गरेको छ । चुनावअघि नै सो पार्टीले वरिष्ठ नेता एवं काठमाडौं महानगरका पूर्वमेयर बालेन्द्र शाह बालेनलाई भावी प्रधानमन्त्री घोषणा गरिसकेको छ । यसपटक रास्वपाले पाएको जनउभारको मुख्य आधार नै उनै बालेनको लोकप्रियतालाई मानिएको छ । बालेनमार्फत मुलुकले पहिलोपटक मधेसी समुदायबाट प्रधानमन्त्री पाउने स्थिति बनेको छ भने रास्वपा एक्लैले सरकारले पाँचवर्षे कार्यकाल पूरा गर्न पाउने देखिन्छ । अब बन्ने सरकारले जनतासमक्ष गरेका वाचा बिर्सनुहुन्न । शासन सञ्चालनको पुरानै ढर्रा अपनाएर फेरि जनतालाई धोका दिनुहुन्न ।

# जितेकालाई खबरदारी

*जनताले दिएको अपार विश्वासलाई सम्मान गर्दै २०८२मा मतादेश पाएका नेताहरूले कम्तीमा पाँच वर्ष स्थिर र जिम्मेवार शासन सञ्चालन गर्ने दूरदर्शिता देखाउनुपर्छ ।*

**अग्रलेख**



● ईश्वरी पोखरेल

प्रतिनिधिसभा निर्वाचन २०८२को परिणाम करिब-करिब अन्तिम चरणमा पुगेको छ । नयाँ राजनीतिक शक्तिका रूपमा उदाएको रास्वपाले झन्डै दुईतिहाइ मत प्राप्त गर्ने स्पष्ट संकेत देखिएका छन् । यस अर्थमा २०८२को आमनिर्वाचन नेपाली राजनीतिको इतिहासमा एउटा महत्वपूर्ण 'पानीढलो' सावित भएको छ । नयाँ शक्तिलाई हार्दिक बधाई छ ।

नेपालको संसदीय इतिहासलाई फर्केर हेर्दा, २०१५ सालको दुईतिहाइको सरकार, २०४८ र २०५६ सालका स्पष्ट बहुमतका एकल पार्टी सरकारहरू अन्ततः आपसी स्वार्थ, अन्तरविरोध र शक्तिसंघर्षका कारण असफल बने । त्यसपछि २०६४ सालको आमनिर्वाचनले राजनीतिक व्यवस्था प्रणालीमै आमूल परिवर्तन गर्ने ऐतिहासिक भूमिका निर्वाह गर्‍यो । तर, यी सबै महत्वपूर्ण राजनीतिक मोडहरूबाट सत्तामा पुगेका नेताहरू आ-आफ्ना समयका वास्तविक रूपान्तरणकारी पानीढलो बन्न भने पूर्ण रूपमा सफल हुन सकेनन् । नेपाली जनताले अनेक राजनीतिक प्रयोगहरूमा असाधारण धैर्य र विश्वाससहित साथ दिएका छन् । सामान्य कानुनी प्रक्रियाबाट सम्भव नदेखिने राजनीतिक अभ्यासहरूलाई समेत जनताले स्विकारेका छन् । त्यसको परिणामस्वरूप नै पहिलो असफल संविधानसभा २०६४ पछि २०७०मा दोस्रो संविधानसभा गठन भयो र अन्ततः २०७२ साल असोजमा नेपालको संविधान जारी भयो ।

२०७४ सालको संसदीय निर्वाचनमा नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)बीचको वाम गठबन्धनलाई झन्डै दुईतिहाइ मतादेश दिँदै जनताले स्थिर सरकारको आशा व्यक्त गरेका थिए । तर इतिहासका कतिपय घटनाहरू केवल व्यक्तिको चाहना वा योजनाबाट मात्र होइन, वस्तुगत परिस्थिति र आकस्मिक घटनाक्रमको संयोजनबाट पनि घट्ने गर्छन् । नेपालमा पनि त्यस्तै भयो । राजनीतिक अभ्यास क्रमशः अराजनीति र 'लाजनीति'तर्फ मोडियो । केही नेताहरूको स्वार्थ र शक्तिसंघर्षका कारण संसद्को मर्यादा कमजोर बन्यो । दुईपटकसम्म संसद् विघटनको असफल प्रयास भयो र अन्ततः सर्वोच्च अदालतको हस्तक्षेपपछि त्यो शक्ति तासको महलझैं छिन्नभिन्न भयो ।

२०७९ साल वैशाखमा सम्पन्न स्थानीय निर्वाचनले जनमतको अर्को सशक्त संकेत दियो । दुई उपमहानगर र राजधानीको महानगरमा स्वतन्त्र उम्मेदवारहरूको अभूतपूर्व विजयले स्थापित राजनीतिक दलहरूलाई गम्भीर चेतावनी दिएको थियो । त्यसपछि २०७९ मंसिरको आमनिर्वाचनमा नेपाली कांग्रेस ८९, नेकपा एमाले ७८ र नेकपा माओवादी ३२ सिटसहित क्रमशः पहिलो, दोस्रो र तेस्रो शक्ति बने । स्वतन्त्र उम्मेदवारहरूको सफलताको लहरबाट प्रेरित भई बनेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), रवि लामिछानेको नेतृत्वमा चौथो शक्ति बन्यो । राप्रपा पाँचौं स्थानमा रह्यो भने मधेशवादी दलहरू, जातीय तथा स्वतन्त्र प्रतिनिधिहरूका साथै, २०४८ सालदेखि निरन्तर प्रतिनिधित्व गर्दै आएका राष्ट्रिय जनमोर्चा र नेपाल मजदुर किसान पार्टीजस्ता दलहरूको उपस्थिति संसद्मा थियो । तर दुर्भाग्यवश, त्यसपछि राजनीतिक घटनाक्रमले अपेक्षित दिशा लिन सकेन । २०७९पछि पहिलो र दोस्रो दल समर्थक तथा तेस्रो दलको नेतृत्वमा आलोपालो सरकार बनाउने अभ्यास सुरु भयो । समर्थन गर्ने र फिर्ता लिने राजनीतिक खेलले शासन प्रणालीलाई अस्थिर बनायो । अन्ततः २०८० असारमा पहिलो दल समर्थक र दोस्रो दलका नेताको नेतृत्वमा अन्य शक्तिहरूलाई समेत जोडेर झन्डै दुई तिहाइको सरकार गठन गरियो । मुलुकले राजनीतिक अस्थिरता र कुशासनबाट मुक्ति पाउने आशा देखाइयो, तर व्यवहारमा संसद् र सरकार सञ्चालनको शैलीले जनतामा निराशा बढ्दै गयो ।

यसै पृष्ठभूमिमा २०८२ भदौ २३मा 'जेनजी विद्रोह' भयो । उक्त घटनामा ७६ जनाको ज्यान गयो र खर्बौं मूल्यबराबरका सार्वजनिक तथा ऐतिहासिक सम्पदा, निजी सम्पत्ति र उद्योग प्रतिष्ठानहरू ध्वस्त भए । त्यसपछि संविधानको रक्षा र राजनीतिक निकासका लागि आमनिर्वाचन




गरियो । नेपाली समाजको पुरानो अर्थ-राजनीतिक संरचनामा देखिएको संकट, वैदेशिक रोजगारीका अनुभव तथा डिजिटल प्रविधिले युवामा ल्याएको नयाँ चेतनाले यो निर्वाचनलाई रूपान्तरणकारी मोडमा पुर्‍यायो ।

यस अवसरमा विगतमा राजनीतिक क्षेत्रमा योगदान दिएका सम्पूर्ण दल र नेतृत्वप्रति सम्मान र कृतज्ञता व्यक्त गर्न आवश्यक छ । साथै, कतिपय इमानदार, नैतिकशील र सुकर्म गरेका, आशा जगाउने तथा पहिलोपटक जनतासमक्ष मत माग्न पुगेका उम्मेदवारहरू पुराना दलका कारण अपमानजनक रूपमा अस्वीकृत हुनुपरेको अवस्थाप्रति गहिरो सहानुभूति पनि प्रकट गर्नुपर्छ । नयाँ नेतृत्वको रूपमा आएका रवि लामिछाने र बालेन्द्र शाह 'बालेन'सहित रास्वपाका विजेता समूहलाई हार्दिक बधाई तथा शुभकामना ! बधाईसँगै केही गम्भीर राजनीतिक चेतावनी र सुझावहरू पनि प्रस्तुत गर्न आवश्यक देखिन्छ । जनताले दिएको अपार विश्वासलाई सम्मान गर्दै २०८२मा मतादेश पाएका नेताहरूले कम्तीमा पाँच वर्ष स्थिर र जिम्मेवार शासन सञ्चालन गर्ने दूरदर्शिता देखाउनुपर्छ । शालीनता, सहिष्णुता र लोकतान्त्रिक संस्कारका साथ सबै नागरिक र सबै राजनीतिक शक्तिका विचारलाई समेटेर देश विकासको साझा मार्ग खोज्नुपर्छ । चुनावी हार-जितलाई केवल लोकतान्त्रिक प्रक्रिया मान्दै विजेताले आफू हार्नेहरूको पनि प्रतिनिधि भएको भावनाका साथ प्रतिशोध र घृणाको राजनीति नगर्नु आवश्यक छ ।

देश र जनतालाई सर्वोपरि राख्दै २०४७पछि प्राप्त राजनीतिक उपलब्धिहरूको संरक्षण र प्रवर्द्धन गर्नुपर्छ । सार्वजनिक पदमा बसेर विगतमा भएका त्रुटि, कुमति वा दुरुपयोगका घटनाहरूको निष्पक्ष छानबिन गरी कानुनअनुसार कारबाही हुनुपर्छ । दल, नेता, कार्यकर्ता, निजामती कर्मचारी वा सार्वजनिक सेवाका पदाधिकारीले व्यक्तिगत स्वार्थका लागि राज्यसत्ता र सार्वजनिक सम्पत्तिको दुरुपयोग गरेका भए त्यसको कठोर छानबिन आवश्यक छ । विगतका दम्भी र भ्रष्ट नेताहरूले जस्तै दलगत ट्रेड युनियनमार्फत योग्य र दक्ष व्यक्तिहरूलाई पाखा लगाउने प्रवृत्ति त्याग्नुपर्छ । सत्ता, पद, पैसा, ठेक्का र कमिसनलाई निजी सम्पत्तिजस्तो ठान्ने मानसिकता लोकतन्त्रका लागि घातक हुन्छ । राज्यका साधन-स्रोतलाई व्यक्तिगत स्वार्थको माध्यम बनाउने संस्कारले नै जनतामा आक्रोश जन्माएको हो भन्ने बुझ्नुपर्छ ।

सार्वजनिक सेवाका क्षेत्रमा नागरिकहरूले लामो समयदेखि अत्यन्त पीडादायी अनुभव भोगेका छन् । नागरिकता बनाउन, जग्गा पास गर्न, सरकारी सेवा लिन वा जागिर पाउन घुस दिनुपर्ने अवस्था सामान्यजस्तै बन्यो । विडम्बना ! घुस वा कमिसनबिना सरकारले तोकेको करसमेत तिर्न नसक्ने अवस्थाको अनुभव नागरिकले गरेका छन् । किसानले उत्पादन गरेको वस्तुले उचित बजार नपाउने, भनसुनबिना कुनै काम नहुने, सार्वजनिक सेवा नै कष्टकर बन्ने यस्तो अवस्थाबाट जनतालाई मुक्त गराउन प्रणालीगत सुधार अत्यावश्यक छ । नेतृत्वले आफ्ना आफन्त, छोराछोरी, आसेपासे र कार्यकर्तालाई मात्र अवसर दिने संकीर्ण प्रवृत्ति त्याग्नुपर्छ । राजनीतिलाई कमाउने धन्दा होइन, सार्वजनिक सेवा मान्ने संस्कार विकास गर्नुपर्छ । पराजित दलहरूले पनि आत्मसमीक्षा गर्नुपर्छ- किन जनताले अविश्वास गरे ? किन पार्टीका इमानदार र होनाहार

> *नयाँ शक्ति पनि केवल 'नयाँ' भएकैले राम्रो भएको होइन भन्ने यथार्थ बुझ्न जरूरी छ । पुराना दलहरूको अदूरदर्शिता, दम्भ, लोभ, भ्रष्टाचार र राजनीतिक अनैतिकताप्रति जनतामा उत्पन्न वितृष्णा र आक्रोशका कारण जनताले एकपटक नयाँ शक्तिलाई परीक्षणका रूपमा संसद्मा पठाएका हुन् ।*

कार्यकर्ताहरू अस्वीकृत भए ? ऐतिहासिक दलहरूले आफ्नो योगदानलाई पुनः सार्थक बनाउन जनविश्वास पुनर्स्थापनाको कठोर प्रयास गर्नुपर्छ ।

पार्टीभित्र दम्भ र भ्रष्टाचार हटाएर सक्षम र नैतिक नेतृत्वको विकास गर्नुपर्छ । पाँच वर्ष जनतासँग बसेर निःस्वार्थ सेवा गर्ने संस्कार बसाल्नुपर्छ । योग्यतम उम्मेदवारलाई जनताले स्वतन्त्र रूपमा छनोट गर्न पाउने वातावरण सिर्जना गर्नुपर्छ । साथै, २०८२को निर्वाचन जितेका जनप्रतिनिधिहरूले पनि विजयको उन्मादमा जनविरोधी ताण्डव नृत्य कहिल्यै गर्नुहुँदैन । जनताले आफ्नो विवेक गुमाएका छैनन्; उनीहरूले केवल मन र मत परिवर्तन गरेका मात्र हुन् ।

नयाँ शक्ति पनि केवल 'नयाँ' भएकैले राम्रो भएको होइन भन्ने यथार्थ बुझ्न जरुरी छ । पुराना दलहरूको अदूरदर्शिता, दम्भ, लोभ, भ्रष्टाचार र राजनीतिक अनैतिकताप्रति जनतामा उत्पन्न वितृष्णा र आक्रोशका कारण जनताले एकपटक नयाँ शक्तिलाई परीक्षणका रूपमा संसद्मा पठाएका हुन् । त्यसैले विजयको दम्भमा नपरी संयम, सम्मान र साझेदारीको बाटो अपनाउँदै शासन सञ्चालन गर्नुपर्छ । अन्यथा भविष्यमा जनताले नयाँ शक्तिलाई पनि पुराना दलहरूलाई झैं बढार्न बेर लगाउने छैनन् । देशले बारम्बार यस्तो निराशा भोगिरहनुहुँदैन । विवेकशील, उत्तरदायी र नैतिक नेतृत्व विकास गर्दै देश सञ्चालन गर्ने संस्कार स्थापित हुनुपर्छ । मतादेशपछि नागरिकको दायित्व सुझाव दिनु मात्र रहेको छ । ती सुझावलाई सम्मानपूर्वक ग्रहण गर्ने वा नगर्ने जिम्मेवारी भने सम्बन्धित दल र नेताहरूमा नै निर्भर रहनेछ ।

## इतिहासमा आज

१० मार्च २०१७ मा एक नीतिगत घोटालाको घटनामा दक्षिण कोरियाकी राष्ट्रपति पार्क ग्युन-ह्येमाथिको महाभियोगलाई देशको संवैधानिक अदालतले सर्वसम्मतिले समर्थन गरेको थियो । जससँगै उनी पदच्यूत भएका थिए ।



१० मार्च २०१९ मा इथियोपियन एयरलाइन्सको विमान ३०२ उडान भरेको केही समय लगत्तै दुर्घटनाग्रस्त भएको थियो । जसमा सवार सबै १५७ यात्रु र चालक दलका सदस्यहरू मारिएका थिए ।



१० मार्च २०२२ मा हंगेरीको राष्ट्रिय सभाले पूर्व परिवार मामिला मन्त्री क्याटालिन नोवाकलाई हंगेरीको राष्ट्रपतिको रूपमा निर्वाचित गरेको थियो । उनी हंगेरीको इतिहासमा पहिलो महिला राष्ट्रपति हुन् ।



१० मार्च २०२३ मा सिलिकन भ्याली बैंक टाट पल्टिएको थियो । जुन अमेरिकी इतिहासमा टाट पल्टिने दोस्रो ठूलो बैंक थियो ।




# निर्वाचनबाट सिक्ने पाठ

**विचार**



● जनकराज पाठक

> *जनमत पनि सधैं एउटै ठाउँमा स्थिर रहँदैन । हिजो धेरै मत पाएका दल आज कम मतमा झर्न सक्छन् र कम मत भएका दल भविष्यमा माथि आउन सक्छन् । पछिल्ला निर्वाचनका परिणामहरूले पनि जनमत सधैं चलायमान रहने कुरा स्पष्ट देखाएका छन् ।*

लोकतन्त्रमा निर्वाचन भनेको जनताले आफ्नो प्रतिनिधि वा नेता छान्ने प्रक्रिया हो । निर्वाचनमा राजनीतिक दलका उम्मेदवार वा स्वतन्त्र उम्मेदवार चुनावमा उठ्छन् । जनताले भोट दिन्छन्, सबै भोट गनिन्छ र जसले धेरै भोट पाउँछ, उसले जित्छ भने कम भोट पाउनेले हार्छ । निर्वाचनमा जित्ने प्रतिनिधि वा दलको मुख्य जिम्मेवारी विधिको शासन कायम गर्दै सरकार सञ्चालन गर्नु हो । जनताका समस्या समाधान गर्ने, नीति र कार्यक्रम लागू गर्ने तथा आवश्यक कानुन निर्माण गरेर देशलाई सही दिशामा अघि बढाउने काम उनीहरूकै काँधमा हुन्छ ।

निर्वाचनमा हार्नेहरूको पनि लोकतन्त्रमा महत्वपूर्ण भूमिका हुन्छ । विपक्षीको भूमिकामा रहँदै सरकारका गलत कामको आलोचना गर्ने, सुधारका लागि दबाब दिने, जनइच्छा पूरा गर्न आवाज उठाउने र आफ्नो क्षेत्रमा रहेका जनताका समस्याको समाधानका लागि निरन्तर प्रयास गर्ने उनीहरूको दायित्व हो । साथै, अर्को निर्वाचनका लागि तयारी गर्दै पार्टीलाई बलियो बनाउने र जनतासँग सम्पर्क बढाइरहने काम पनि विपक्षी पक्षको जिम्मेवारी हो ।

वास्तवमा जित र हार दुवै लोकतान्त्रिक प्रक्रियाका स्वाभाविक भाग हुन् । निर्वाचन हार्नेहरूले पनि लोकतन्त्रलाई बलियो बनाउन योगदान पुर्‍याउँछन् । त्यसैले जित्ने दल वा प्रतिनिधिले हार्ने पक्षलाई सम्मानजनक व्यवहार गर्नुपर्छ । त्यस्तै, हार्ने पक्षले पनि विजेतालाई बधाई दिँदै जनहितका काममा सहयोगी भूमिका खेल्नुपर्छ । यदि जित्नेले घमण्ड देखाउन थाल्यो वा हार्नेले निराशा मात्र व्यक्त गर्न थाल्यो भने लोकतन्त्र कमजोर हुन सक्छ । त्यसैले निर्वाचन प्रक्रियामा सहभागी सबै व्यक्तिहरू लोकतन्त्रका सम्मानित पात्र हुन् ।

लोकतन्त्रको सुन्दरता भनेकै नियमित निर्वाचन हो । एउटै निर्वाचन सधैंका लागि हुँदैन; प्रायः हरेक पाँच वर्षमा निर्वाचन हुने व्यवस्था हुन्छ । जनमत पनि सधैं एउटै ठाउँमा स्थिर रहँदैन । हिजो धेरै मत पाएका दल आज कम मतमा झर्न सक्छन् र कम मत भएका दल भविष्यमा माथि आउन सक्छन् । पछिल्ला निर्वाचनका परिणामहरूले पनि जनमत सधैं चलायमान रहने कुरा स्पष्ट देखाएका छन् ।

निर्वाचनमा हार्नुका विभिन्न कारण हुन सक्छन् । जब नेता वा पार्टी जनताबाट टाढा हुन्छन्, जनताका समस्या बुझ्न वा समाधान गर्न असफल हुन्छन्, तब मतदाताको समर्थन घट्न सक्छ । त्यस्तै, पार्टीको संगठन कमजोर हुनु, स्थानीय संरचना सक्रिय नहुनु, चुनावी अभियान प्रभावकारी रूपमा सञ्चालन गर्न नसक्नु वा आर्थिक स्रोत कमजोर हुनु पनि हारको कारण बन्न सक्छ । उम्मेदवारको व्यक्तिगत छवि पनि निकै महत्वपूर्ण हुन्छ । यदि उम्मेदवारमाथि भ्रष्टाचारको आरोप छ, घमण्डी व्यवहार देखिन्छ वा जनतासँग सम्बन्ध कमजोर छ भने मतदाताले समर्थन गर्न हिच्किचाउँछन् ।

प्रतिद्वन्द्वी उम्मेदवार वा पार्टी बलियो हुनु, उनीहरूको रणनीति राम्रो हुनु वा आफ्नो सन्देश प्रभावकारी रूपमा जनतासम्म पुर्‍याउन नसक्नुले पनि हारको सम्भावना बढाउँछ । पार्टीभित्रको गुटबन्दी, टिकट वितरणमा विवाद वा कार्यकर्ताबीच असन्तुष्टिजस्ता आन्तरिक समस्याले पनि चुनावी परिणाममा नकारात्मक असर पार्न सक्छ । त्यसैगरी, आफ्ना समर्थक मतदातालाई मतदान केन्द्रसम्म ल्याउन नसक्नु वा उनीहरूको मत सुरक्षित राख्न नसक्नु पनि पराजयको कारण बन्न सक्छ ।

निर्वाचन जित्नका लागि स्पष्ट दृष्टिकोण र एजेन्डा आवश्यक हुन्छ । जनताले सजिलै बुझ्ने गरी योजना र नीतिहरू प्रस्तुत गर्नुपर्छ र स्थानीय समस्या जस्तै : रोजगारी, सडक, शिक्षा र स्वास्थ्यको समाधानका व्यावहारिक उपाय देखाउनुपर्छ । जनतासँग प्रत्यक्ष सम्पर्क पनि अत्यन्त महत्वपूर्ण हुन्छ । घरदैलो कार्यक्रम, भेटघाट, छलफल तथा मतदाताका गुनासा सुन्ने र त्यसमा चित्तबुझ्दो प्रतिक्रिया दिन सक्ने उम्मेदवारले जनविश्वास जित्न सक्छ ।

साथै, विश्वासिलो र सक्रिय कार्यकर्ता टोली हुनु पनि सफलता हासिल गर्ने महत्वपूर्ण आधार हो । प्रचारप्रसार, संगठन र मतदाता व्यवस्थापनका लागि जिम्मेवारी बाँडफाँड गरी प्रभावकारी रूपमा काम गर्न सके चुनावी अभियान बलियो हुन्छ । सकारात्मक प्रचार पनि उत्तिकै आवश्यक हुन्छ, अरू उम्मेदवारलाई कमजोर देखाउनुभन्दा आफ्ना काम, योजना र प्रतिबद्धता राम्रोसँग प्रस्तुत गर्न सके जनतामा सकारात्मक सन्देश पुग्छ ।

निर्वाचनको दिन मतदातालाई मतदान केन्द्रसम्म ल्याउने व्यवस्था मिलाउनु र उनीहरूको मत सुरक्षित रहोस् भन्ने सुनिश्चित गर्नु पनि जितको महत्वपूर्ण पक्ष हो । साथै, युवा तथा पहिलोपटक मतदान गर्ने मतदातालाई अभियानमा जोड्न सके चुनावी परिणाममा सकारात्मक प्रभाव पर्न सक्छ । वर्तमान समयमा हाम्रो देशको राजनीतिक परिस्थितिमा यस्ता धेरै पक्षहरू देखिएका छन् । निर्वाचनको परिणामसँगै विजयी भएका प्रतिनिधिहरूले जनहितमा काम गरून् भन्ने अपेक्षा छ । पराजित पक्षले पनि सहयोगी भावना राख्दै आजैदेखि अर्को निर्वाचनका लागि तयारी सुरु गर्नुपर्छ ।

पंक्तिकार पनि यस निर्वाचनमा आफ्नो दल र उम्मेदवारलाई जिताउन निकै मिहिनेतका साथ लागेको थियो, तर यसपटक जनमत पंक्तिकार आबद्ध पार्टीको पक्षमा देखिएन । यद्यपि, एउटा निर्वाचन हार्दैमा समग्र राजनीति हारिएको मानिँदैन । कम मत प्राप्त गर्ने पक्षले गहिरो, निष्पक्ष र सूक्ष्म समीक्षा गर्दै भविष्यमा राम्रो परिणाम ल्याउने गरी अझ मिहिनेत गर्न सक्नुपर्छ ।

*(लेखक पाठक, राप्रपाका केन्द्रीय सदस्य हुन् ।)*

## सामाजिक सञ्जाल



**सूर्यराज आचार्य**

चुनाव जित्ने र सत्तामा बसेर जनआकांक्षाअनुसार परिणाम दिने, यी दुई नितान्तः फरक प्रकृतिका काम हुन् । नेपालको राजनीतिको विगत राम्रो छैन । चुनाव शानदार ढंगले जित्ने, तर सत्ता पाएपछि परिणाम भने दिन नसक्ने । अब फेरि मुलुकले यस्तो राजनीति भोग्न नपरोस् । शानदार विजयले शानदार परिणाम देओस् ।



**सरोज पोखरेल**

जेनजी विद्रोहमा भएको अकल्पनीय क्षति नदेख्ने, घर-घर घण्टी, गाउँ-गाउँ घण्टी नदेख्ने, जताततै बालेन-बालेन भनेर जनता कुर्लिएको नदेख्ने, यत्रो जनलहर नदेख्ने तर आफ्नो पार्टीले हारेपछि षड्यन्त्र देख्ने, सेनाले ब्यालेट बक्स चेन्ज गरेको देख्ने, विदेशीको चलखेल देख्ने हरामीहरूलाई जेल कोच्नु पर्छ ।



**मिलन पाण्डेय**

यो निर्वाचन प्रणालीमा बहुमत आउँदै न भन्ने धारणा थियो । तर, बहुमत आउन सक्ने रहेछ । बहुमत मात्र होइन, दुई तिहाइसम्म पनि सम्भव रहेछ । एक प्रकारले हेर्दा, यो निर्वाचन प्रणालीको पनि जित भएको छ ।



**मुक्ति अर्याल**

राजनीति नयाँ ढंगले जानुपर्छ । हिजो नियुक्ति पाएकाहरू सबैले राजीनामा दिएर ठाउँ खालि गरिदेऊ । नयाँ सरकारलाई काम गर्न कुनै रोकावट र छेकबार गर्न जरुरी छैन । गलत हुन लागे वा भए आलोचना र विरोध गर्ने दलहरू नै छँदैछन् । त्यसमाथि प्रेस पनि छ । सबैभन्दा ठुला आलोचक जनता त छँदैछन् ।

मध्यान्ह
www.madhyanhadaily.com



# अर्घाखाँचीका १२ उम्मेदवारको जमानत जफत

**सूर्यप्रसाद भुसाल / मध्यान्ह**
अर्घाखाँची, २४ फागुन

प्रतिनिधिसभा निर्वाचन २०८२ को मत परिणाम सार्वजनिक भएसँगै धेरै उम्मेदवारहरुको जमानत जफत भएको छ । निर्वाचन ऐन अनुसार कूल सदर मतको १० प्रतिशत प्राप्त गर्न नसक्ने उम्मेदवारको जमानत जफत हुने व्यवस्था छ ।

एक मात्र निर्वाचन क्षेत्र रहेको अर्घाखाँचीमा विभिन्न दल तथा स्वतन्त्र गरी १५ जनाले उम्मेदवारी दिएका थिए ।

१ लाख ७१ हजार ६ सय ५२ मतदाता रहेकामा ४७ हजार ६ सय ८८ महिला र ३८ हजार ९ सय ८० पुरूष गरी प्रत्यक्षतर्फ ८६ हजार ५ सय २६ मत खसेको थियो । जसमा ८३ हजार ३ सय ६ मत सदर भएको थियो । यो तथ्यांक अनुसार ८ हजार ३ सय ३० भन्दा कम मत ल्याउने उम्मेदवारको जमानत जफत भएको छ ।




अर्घाखाँचीमा राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाका उम्मेदवार हरिप्रसाद भुसाल ३५ हजार २३ मतले विजयी हुँदा नेकपा एमालेका पिताम्बर भुसालले २२ हजार ६ सय ४९ मत र नेपाली कांग्रेसका विष्णुप्रसाद खनाल मुस्कानले १८ हजार ९ सय ८३ मत प्राप्त गरे भने अन्य १२ उम्मेदवारले जमानत सम्म जोगाउन सकेनन् ।

नेपाली कम्युनिष्ट पार्टी नेकपाका उम्मेदवार रामबहादुर चौहानले ३ हजार ८४७ मत मात्रै प्राप्त गर्नसके । सोही कारण उनको जमानत जफत भएको छ । यस्तै एक हजार ८ सय ९ मत पाएका राष्ट्रिय जनमोर्चाका पशुपति नाथ ढकाल, ४ सय ५९ मत पाएका नेपाल कम्युनिस्ट पार्टी (माओवादी) का खिम बहादुर घर्ती मगर, २ सय ४४ मत पाएका राष्ट्रिय प्रजातन्त्र पार्टीका झबिन्द्र फुल्लेलको पनि जमानत जफत भयो । यस्तै ८ जना उम्मेदवारले एक सय मत पनि कटाएनन् । ९४ मत पाएका नेशनल रिपब्लिक नेपालका विष्णुबहादुर गाहा, ४४ मत पाएका आम जनता पार्टीका दुर्ग बहादुर भाट क्षेत्री, ४० मत पाएका मंगोल नेशनल अर्गनाइजेसनका सुर्य बहादुर गुरुङ, ४० मत पाएका जनता समाजवादी पार्टीका टुक बहादुर चेवाली, २८ मत पाएका प्रगतिशील लोकतान्त्रिक पार्टीका पुस्कर नाथ आचार्य, २२ मत पाएका स्वतन्त्र उम्मेदवार रवि शाह, २१ मत पाएका स्वतन्त्र उम्मेदवार हिमाल भुसाल र ३ मत पाएकि स्वतन्त्र उम्मेदवार पम्फा श्रेष्ठको जमानत जफत भएको हो ।

अर्घाखाँचीमा दुवैतर्फको मतगणना सार्वजनिक भएको छ जसअनुसार समानुपातिक मत गणनामा पनि राष्ट्रिय स्वतन्त्र पार्टी अर्घाखाँचीमा पहिलो दल भएको छ । रास्वपाले प्रत्यक्ष भन्दा ४ हजार बढी बढी मत अर्थात् ३९ हजार ५८ मत प्राप्त गरेको छ । प्रत्यक्षतर्फ ३५ हजार २३ मत प्राप्त गरेको थियो ।

दोस्रोमा नेकपा एमालेले २० हजार ४ सय ५१, नेपाली कांग्रेसले १७ हजार ६ सय ५१, नेपाली कम्युनिष्ट पार्टी (नेकपा) ले ३ हजार ९ सय ७७, राष्ट्रिय जनमोर्चाले २३ सय ८८ र राप्रपाले ७ सय २५ मत प्राप्त गरेको मुख्य निर्वाचन अधिकृत शिवलाल पाण्डेले बताएका छन् ।

जिल्लामा १ लाख ७१ हजार ६ सय ५२ मतदाता रहेकोमा समानुपतिकतर्फ ८८ हजार ७ सय ३३ मत प्राप्त भएको थियो । जसमा २५ सय ७८ म तबदर भएका छन् । ८६ हजार १ सय ५५ मत सदर भएका थिए ।

# सल्यानमा १० जना उम्मेदवारको जमानत जफत

**प्रदीप मगर / मध्यान्ह**
सल्यान, २५ फागुन



सल्यानमा प्रतिनिधिसभा सदस्य निर्वाचनमा १० जना उम्मेदवारले १ हजारभन्दा कम मत पाएपछि उनीहरूको धरौटी रकम 'जमानत' जफत भएको छ ।

जमानत जफत हुने उम्मेदवार हरूमा नेकपा (माओवादी)का चन्द्रबहादुर खड्का ९ हजार ९ सय ४३ मत, राष्ट्रिय प्रजातन्त्र पार्टीकी अनिशा नेपाली ९ हजार ९ सय २ मत, नेशनल रिपब्लिक नेपालका डिल्लीबहादुर घर्ती ९ हजार २ सय २२ मत, श्रम संस्कृति पार्टीका धन बहादुर बुढामगर ९ हजार १ सय ५० मत, स्वतन्त्र ध्रुव राज वली ९ हजार १ सय २० मत, राष्ट्रिय जनमोर्चाकी कमला डाँगी ९ हजार १ सय १९ मत, संयुक्त नागरिक पार्टीका कालिदास वि.क. ९ सय ९९ मत, नेपाल मजदुर किसान पार्टीका लाल बहादुर थापा क्षेत्री ९ सय ६६ मत, मंगोल नेशनल अर्गनाइजेसनका बाला सिंह घर्ती ९ सय ५२ मत र स्वतन्त्र जुद्ध बहादुर सिंह ९ सय १२ मत रहेका छन् ।

जिल्ला निर्वाचन कार्यालय सल्यानका सूचना अधिकारी तेजेन्द्र कुमार चन्दका अनुसार, सामान्य उम्मेदवारले उम्मेदवारी दर्ता गर्दा १० हजार रुपैयाँ धरौटी बुझाउँछन् । महिला, दलित, अल्पसंख्यक वा आर्थिक रूपमा विपन्न उम्मेदवारले ५० प्रतिशत छुट पाउँछन् । सदर मतको १० प्रतिशतभन्दा कम मत पाउने उम्मेदवारको धरौटी फिर्ता हुँदैन ।

यसैगरी, राष्ट्रिय स्वतन्त्र पार्टीका ललित कुमार चन्द २० हजार ९ सय ४ मत, नेपाली कांग्रेसका केशबहादुर विष्ट १७ हजार ५ सय ५८ मत र नेकपा एमालेका गुलावजंग शाह १५ हजार ३ सय ७३ मतले जमानत जोगाएका छन् । उनीहरूले बुझाएको धरौटी फिर्ता पाउनेछन् । निर्वाचनमा नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का उम्मेदवार रमेश कुमार मल्ल २३ हजार १ सय ८९ मतसहित विजयी भएका छन् ।

# रुकुम पश्चिममा नेकपालाई सबैभन्दा बढी समानुपातिक मत



**रुकुम पश्चिम / मस–** फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचन अन्तर्गत रुकुम पश्चिमको समानुपातिक मतगणना परिणाम सार्वजनिक भएको छ । मुख्य निर्वाचन अधिकृतको कार्यालयले जिल्लाभरको समानुपातिक मत गणना गरेर सोमबार सार्वजनिक गरेको हो ।

कार्यालयका अनुसार समानुपातिकतर्फ खसेको कुल ६३ हजार १ सय ५२ मतमध्ये ६० हजार ८ सय २७ सदर मतको परिणाम सार्वजनिक गरिएको छ ।

जसअनुरूप रुकुम पश्चिममा नेपाली कम्युनिष्ट पार्टी (नेकपा)ले सबैभन्दा धेरै २० हजार ३६ प्राप्त गरेको छ । नेपाली कांग्रेसले १५ हजार १ सय ८१, राष्ट्रिय स्वतन्त्र पार्टीले १० हजार १ सय ४९, प्रगतिशील लोकतान्त्रिक पार्टीले ७ हजार २ सय ७ र नेकपा एमालेले ५ हजार ८ सय ४७ प्राप्त गरेको छ । रुकुम पश्चिमबाट ५७ वटा राजनीतिक दलले समानुपातिकतर्फको मत प्राप्त गरेका छन् ।

# बूढानीलकण्ठमा एकजना मृत फेला

**काठमाडौं / मस–** काठमाडौंको बूढानीलकण्ठ नगरपालिका-१० कपन बालुवाखानी नगर अस्पताल नजिक भ्याङमा एक जना पुरुष मृतावस्थामा फेला परेका छन् ।

हाल नाम, थर र वतन नखुलेका अन्दाजी ४० वर्षीय पुरुष मृतावस्थामा फेला परेका केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक अविनारायण काफ्लेले जानकारी दिए ।

उले भने, 'बूढानीलकण्ठ-१० कपन बालुवाखानी नगर अस्पताल नजिक भ्याङमा आइतबार उनी मृतावस्थामा फेला परेका हुन् । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।'

**बाफलमा स्कुटर दुर्घटना हुदा एक महिलाको मृत्यु**

काठमाडौंको बाफलमा स्कुटर दुर्घटना हुँदा एक महिलाको मृत्यु भएको छ । काठमाडौं महानगरपालिका-१३ बाफलस्थित सडकमा बाप्र ०२-०४९ प १६३५ नम्बरको मोटरसाइकल र लु ७९ प ३४९ नम्बरको स्कुटर एकआपसमा ठक्कर खाँदा स्कुटरमा सवार नवलपरासी पूर्व घर भएकी ५० वर्षीया पिन्कीदेवी रौनियारको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएकी रौनियारको उपचारका क्रममा राष्ट्रिय ट्रमा सेन्टरमा मृत्यु भएको हो । दुर्घटनामा घाइते हुनुभएकी स्कुटर चालकको राष्ट्रिय ट्रमा सेन्टर र मोटरसाइकल चालकको शहिद मेमोरियल अस्पताल कलंकीमा उपचार भइरहेको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । दुर्घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ ।

# दुई महिनापछि खुले तल्लो मुस्ताङका विद्यालय

**मुस्ताङ / मस–** मुस्ताङस्थित तल्लो मुस्ताङका विद्यालय दुई महिनापछि खुलेका छन् । हिउँदयाममा चिसोका कारण बन्द भएका यहाँको बारागुङ, घरपझोङ र थासाङ गाउँपालिकाका विद्यालय सोमबारदेखि खुलेको शिक्षा विकास तथा समन्वय एकाइ मुस्ताङले जनाएको छ ।

यहाँका विद्यालयहरुले अर्धवार्षिक परीक्षा सकेर पुस महिनाको पहिलो हप्ता विद्यार्थीहरुलाई जाडो बिदा दिएको थियो । शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख रामेश्वर लामिछानेका अनुसार ती क्षेत्रमा १८ वटा विद्यालय छन् ।

मुस्ताङमा हिउँदयाममा पूरै विद्यालय बन्द गरेका शैक्षिक संस्थाले ४५ दिनको सरकारी बिदा र १५ दिनको सट्टा बिदा कटौती गर्ने गरी दुई महिना विद्यालय बन्द गर्ने गरेका छन् । त्यसैगरी जाडो छल्न बेँसी झरेका माथिल्लो मुस्ताङका विद्यालयहरुले ४५ दिने सरकारी बिदा गरेर वैशाख महिनामा साविकको स्थानमा शैक्षिक पठनपाठन सुरु गर्ने गर्छन् ।

## Road Division Baitadi

**Notice of Intention to Award Contract**

**Date of Publication: 2082/11/26**

Road Division Baitadi hereby notifies and intends to award the following listed contracts and publish this notice to all concerned bidders regarding our *Bid Notices No. IFB-2082/83-08* (Published on Nagarik National Daily dated 2082-09-20) in accordance with ITB Clause 39 and Public Procurement Act 2063 Clause 27.2, 27.3 and for the purpose of clause 47.

| S.N. | Contract No. | Name of Work | Name and Address of Bidder | Total Bid Amount including VAT & PS (NRs) |
|---|---|---|---|---|
| 1 | RDBTD/33701138/ 2082/83-31 | Slope protection works including pavement works at Baluwatar Landslide (CH 90+000 to 91+000) Bajhang of Khodpe-Chainpur Highway (NH-64) | M/S Dev Singh Nirman Sewa Pvt.Ltd.-Piyush Nirman Sewa JV, Dhangadhi-2, Kailali | 29,151,459.63 |
| 2 | RDBTD/33701138/ 2082/83-32 | Reinstatement of Monsoon damaged Section of Khodpe-Chainpur Highway (NH-64) | M/S Batu Safal Nirman Sewa Pvt. Ltd., KMC-24, Kathmandu | 28,063,497.05 |

**Division Chief**

## Tila Rural Municipality
## Office of the Municipal Executive
**Dundeli, Jumla**

**Invitation for Electronic Bids**

**Date of Second Publication:- 2082/11/26**

1. Tila Rural Municipality, the office of Rural Municipal Executive, invites e-bidding from eligible bidders through "Single Stage Single Envelope" Procedure for the project mentioned below.

| S. N. | Contract ID | Description Of Work | Type of Bid | Bid Security | Bid Document Fee | Estimated Amount (Without VAT And Contingency) |
|---|---|---|---|---|---|---|
| 1 | Tila/SQ/ Goods/2082/83/01 | Supply of Gabion Boxes, Cement,PPE and Safety Tools For Construction Works. | SQ | 50,000 | 1000 | 17,69,177.36 |

2. For Bid Security And Other Financial Purpose :-

| Office Code | Name of Bank, Office Account No | Last Date for Bid Submission | Bid Opening Date |
|---|---|---|---|
| 80662504300 | Bank Name:-Nabil Bank Ltd, Tila Rural Municipality Branch Account No:-07201017500243 Account Name:- TILA GA.PA.GA-1.1 AANTARIK RAJASWO | on or before 12:00 Noon on 2026/03/25 for SQ | 2026/03/25 at 2:00 PM, at the office of Tila Rural Municipality,Jumla |

3. A complete set of Bid Document and related information can be obtain from Tila Rural Municipality office or may visit PPMO Website www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

## युएईमा रोजगार

कम्पनी : SERVEU    शहर : DUBAI    LT. No.: 316050
पूर्व स्वीकृत मितिः २०८१/०९/११    चलानी नं.: ६०२३०२९९    पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 102 | 49 | स. काममा दक्ष | 1200 | ४७,८५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ चैत २ गते (16 March 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १५०० कामदारले | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SGMC Gov. Lic No. 1219/074/075
SHERMAN GLOBAL MANAGEMENT CONSULTANTS PVT. LTD.
Sinamangal-9, Kathmandu | Tel: 4573705 | 4594457 Email: info@shermanconsultants.com.np / hr@shermanconsultants.com.np
Mobile : 9851235143, 9705653403, 9803636760, 9841136727, 9869120271, 9844064089, 9841468330, 9806224557, 9840974007, 9829245305, 9823045797

यस मेनपावर कार्यालयको माथि उल्लेखित विज्ञापन मिति २०८२/११/२५ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित हुनुपर्नेमा प्राविधिक कारणले प्रकाशित गर्न छुटेकोले आज २०८२/११/२६ गते प्रकाशित गरिएको छ। यसबाट सम्बन्धित सबैमा पर्न गएको असुविधाप्रति क्षमायाचना गर्दछौं।

## साइप्रसमा रोजगार

कम्पनी : N.L.C. EMPLOYMENT AGENCY LTD.    शहर : CYPRUS,PAPHOS
पूर्व स्वीकृत मितिः २०८२/०२/२८    चलानी नं.: ६०२३९४४४    L.T. No.: 325462    पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | DOMESTIC WORKER | 0 | 14 | स. काममा दक्ष | 400 | ६८,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ चैत ३ गते (17 March 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

ROTARY OVERSEAS PVT. LTD.
Govt. Lic. No. 562/062/063
Basundhara-3, Kathmandu, Tel : 5903872, 5903873, Mobile : 9818216982, 970-2026500, 9851035262, 9815066489, Email: info@rotaryoverseas.com, Web.: www.rotaryoverseas.com

## मलेसियामा रोजगारको अवसर

कम्पनीः Q-TWO SDN. BHD.    शहरः Malaysia
पूर्व स्वीकृत मितिः २०८२/११/२५    चलानी नं.: ६०२५३२६३    LT. No.: 339957

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cargo Handling Labours | 13 | 0 | स. काममा दक्ष | 1700 | ६३,१०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ चैत ३ गते (17 March 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० रोजगारदाताले | रु. १,५०० रोजगारदाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ५. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

BHUMIPUTRA FOREIGN EMPLOYMENT SERVICE PVT.LTD.
Saraswoti Marga-02, Gairidhara, Kathmandu, Nepal
Tel: 01-5917711, 01-5917811 , Email: bhumiputraemployment@gmail.com
Mobile No: 9802377378, 9802377375. Website: bhumiputraemployment.com
श्रम इजाजत नं. १०९४/०७३/०७४

# ‘माया भनेकै यस्तो होला’को छायांकन सुरु



**काठमाडौं/मस–** अभिनेत्री तथा निर्देशक रेखा थापाको निर्देशनमा निर्माण हुन लागेको चलचित्र ‘माया भनेकै यस्तो होला’को छायांकन औपचारिक रूपमा सुरु गरिएको छ। सोमबार काठमाडौंको शिवपुरीस्थित रोयल ट्युलिप नेशनल पार्कबाट चलचित्रको सुटिङ आरम्भ गरिएको निर्माण पक्षले जनाएको छ।

गत फागुन ३ गते महाशिवरात्रिको अवसर पारेर औपचारिक रूपमा निर्माण घोषणा गरिएको यो चलचित्रको छायांकन केही दिनको ढिलाइपछि सुरु भएको हो । प्रारम्भिक तालिका अनुसार फागुनको दोस्रो साताबाटै सुटिङ सुरु गर्ने तयारी भए पनि निर्वाचन तथा पछिल्लो परिस्थितिका कारण समय सारिएको निर्माण टोलीले जनाएको छ।

‘हिम्मतवाली’ र ‘मालिका’ जस्ता सफल चलचित्र निर्देशन गरिसकेकी रेखा थापा झण्डै आठ वर्षपछि पुनः निर्देशनमा फर्किएकी हुन् । यसपटक भने उनले आफूलाई क्यामेराको अगाडि भन्दा पनि पूर्ण रूपमा निर्देशनमै केन्द्रित गर्ने बताइएको छ । रेखा थापा लामो समयदेखि अभिनयमा सक्रिय रहँदै आएकी भए पनि यो चलचित्रमा उनले अभिनय नगरी निर्देशनमै ध्यान दिने निर्णय गरेकी हुन् ।

रोचक कुरा के छ भने रेखाले यसपटक आफ्नो ब्यानर ‘रेखा फिल्मस्’ बाहिर गएर ‘दिया एण्ड अमु फिल्मस्’को ब्यानरमा काम गरिरहेकी छन् । यसलाई पनि उनको करिअरको फरक प्रयोगका रूपमा हेरिएको छ ।

चलचित्रमा नेपाली कला क्षेत्रका अनुभवीदेखि समकालीन चर्चित कलाकारहरूको ठूलो टोली समेटिएको छ । चलचित्रमा वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठ र लामो समयपछि चलचित्रमा फर्किएका अभिनेता दिल श्रेष्ठ मुख्य भूमिकामा देखिनेछन् । दिल श्रेष्ठको यो कमब्याकलाई पनि चलचित्रको महत्वपूर्ण पक्षका रूपमा हेरिएको छ ।

यस चलचित्रको अर्को विशेष आकर्षण भने तीन जना पूर्व मिस नेपालहरूको उपस्थितिलाई मानिएको छ । अभिनेत्री सृष्टि श्रेष्ठ, नम्रता श्रेष्ठ र पूर्व मिस नेपाल इन्टरनेसनल नीति शाहले चलचित्रमा प्रमुख भूमिका निर्वाह गर्नेछन् । तीनै कलाकारको एकै चलचित्रमा सहकार्य हुनु नेपाली फिल्म क्षेत्रमा चासोको विषय बनेको छ ।

चलचित्र घोषणा गर्दा निर्माण पक्षले दुईवटा पोस्टर पनि सार्वजनिक गरेको थियो । ती पोस्टरहरूमा कलाकारहरूको भावुक तथा रोमान्टिक प्रस्तुति देखाइएको थियो । एक पोस्टरमा अभिनेता दिल श्रेष्ठसँग सृष्टि श्रेष्ठ, नम्रता श्रेष्ठ र नीति शाहलाई देखाइएको छ। तीनै अभिनेत्री रातो रङका पहिरन–लेहेंगा र सारीमा सजिएका छन् । पोस्टरमा दिल श्रेष्ठ र नम्रता श्रेष्ठको निकटता झल्किएको छ भने सृष्टि श्रेष्ठ र नीति शाहको भाव अलि गम्भीर देखिन्छ । अर्को पोस्टरमा भने अभिनेता दिल श्रेष्ठ र वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठलाई भावुक मुद्रामा प्रस्तुत गरिएको छ। ह्विलचेयरमा बसेका मदनकृष्ण श्रेष्ठको हात समातेर भुइँमा बसेका दिल श्रेष्ठको दृश्यले सन्तानको कर्तव्य, परिवारको जिम्मेवारी र बुढेसकालको सहारासम्बन्धी कथालाई संकेत गरेको थियो ।

‘दिया एण्ड अमु फिल्मस्’को ब्यानरमा निर्माण हुन लागेको यस चलचित्रमा लक्ष्मी गिरी, विशाल पहाडी, रवी डंगोल ‘बेमान’, संगम भण्डारी, सुजाता श्रेष्ठ र विनोद पौडेललगायत कलाकारहरूको पनि अभिनय रहनेछ ।

चलचित्रका निर्माता हरि नारायण श्रेष्ठ र माया देवी श्रेष्ठ हुन् । निर्माण टोलीका अनुसार चलचित्रले सुमधुर प्रेम कथामार्फत सामाजिक भावना, पारिवारिक सम्बन्ध र समकालीन परिवेशलाई समेट्ने प्रयास गर्नेछ ।

चलचित्रको कथा तथा पटकथा ध्रुव लम्सालले लेखेका हुन् । उनी पनि करिब एक दशकपछि पुनः सिनेमा लेखनमा फर्किएका छन् । निर्माण टोलीका अनुसार चलचित्रले प्रेमको वास्तविक अर्थ र त्यससँग जोडिएका मानवीय सम्बन्धलाई केन्द्रमा राखेर कथा प्रस्तुत गर्नेछ।

प्रोडक्सन हेड सीएम भारद्वाज (सुवेदी)का अनुसार चलचित्रको छायांकन काठमाडौं उपत्यका आसपासका विभिन्न स्थानमा गरिनेछ । करिब एक महिनासम्म सुटिङ चल्ने उनले जानकारी दिएका छन् ।

प्राविधिक पक्षमा चलचित्रलाई सुदीप बरालले छायांकन (डिओपी) गर्दैछन् भने अनिरुद्ध आत्रेय प्रमुख सहायक निर्देशकको भूमिकामा छन् । त्यस्तै राजन घिमिरे फिल्म कोअर्डिनेटरका रूपमा रहेका छन् । चलचित्रमा प्रशान्त सिवाकोटीको संगीत, सुजेनी मल्लको ड्रेस डिजाइन र प्रिया कार्कीको मेकअप रहनेछ ।

निर्माण टोलीले ‘माया भनेकै यस्तो होला’लाई आगामी वर्ष तीज पर्वको अवसर पारेर देशभरका सिनेमा हलमा प्रदर्शन गर्ने लक्ष्य राखेको जनाएको छ ।

# ‘परालको आगो’को टिजर सार्वजनिक



**काठमाडौं/मस–** निर्देशक लक्ष्मण सुनारको फिल्म ‘परालको आगो’को टिजर सार्वजनिक गरिएको छ । सोमबार युट्युबमार्फत सार्वजनिक गरिएको टिजरले नेपाली ग्रामीण परिवेश र श्रीमान-श्रीमतीबीचको मनमुटावलाई केन्द्रमा राखेर कथा अगाडि बढेको संकेत दिएको छ ।

ग्रामीण लोककथाका प्रणेता मानिने गुरुप्रसाद मैनालीको चर्चित कथा ‘परालको आगो’बाट प्रेरित भएर निर्माण गरिएको यो फिल्ममा अभिनेता तथा गायक प्रकाश सपूत र सुहाना थापा मुख्य भूमिकामा छन्। टिजरमा उनीहरूलाई चामे र गौंथली नामका श्रीमान्-श्रीमतीको भूमिकामा देखाइएको छ ।

सार्वजनिक टिजरमा पँधेरोबाट ढिलो गरेर घर फर्किएकी श्रीमतीमाथि श्रीमान् आक्रोशित हुने दृश्य देखाइएको छ। दम्पतीबीचको विवाद चर्किंदा छिमेकीले छुट्याउन खोज्ने प्रसंग पनि टिजरमा समेटिएको छ । छिमेकीको भूमिकामा सौगात मल्ल देखिएका छन् । टिजरले दशकौंअघिको नेपाली ग्रामीण समाज, सम्बन्ध र मानसिकतालाई दृश्यात्मक रूपमा प्रस्तुत गर्ने संकेत गरेको छ ।

लक्ष्मण सुनारको निर्देशनमा बनेको यस फिल्ममा प्रकाश, सुहाना र सौगातसँगै सिर्जना अधिकारी, किशोर भण्डारी, ज्याक श्रेष्ठ, सरिता भण्डारी, रेणु न्यौपाने र बाल कलाकार मन्जिला बानियाँ लगायतका कलाकारहरूको अभिनय रहेको छ । हरिओम सिने मेकर्स प्रालिको ब्यानरमा निर्माण भएको फिल्ममा सुशील पोखरेलको लगानी छ भने गुरुप्रसाद मैनालीको मूल कृतिलाई सुशील देवकोटाले पटकथामा रुपान्तरण गरेका हुन् ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७८/१२/११ मा दर्ता भएको **ड्रिम्स इन्टेरियर बिल्डर्स एण्ड सप्लायर्स प्राइभेट लिमिटेड (प्रा.लि.नं. २८७५११)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**जनस्वास्थ्य कार्यालय**
रामेछाप, नेपाल

**आशयको सूचना प्रकाशन मिति २०८२।११।२६**

यस कार्यालयले मिति २०८२।१०।०४ गतेको प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको सूचना नं PHOR/WORKS/NCB-2082/083-01 अनुसार e-gp मा दर्ता हुन आएका बोलपत्रहरुमध्ये देहायका बोलपत्र न्यूनतम मूल्याङ्‌कित सारभूत रुपमा प्रभावग्राही भै स्वीकृतको लागि छनौट भएको हुदाँ सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो आशयको सूचना प्रकाशित गरिएको छ ।

| क्र. स. | निर्माण सम्बन्धि बिवरण | ठेक्का/सूचना नं. | स्वीकृत भएको फर्मको नाम, ठेगाना | कबोल अंक (VAT & PS) सहित | कैफियत |
|---|---|---|---|---|---|
| १ | स्टोर भवन निर्माण सम्बन्धि कार्य | PHOR/WORKS/NCB-2082/083-01 | श्री डि एण्ड एस कन्ट्रक्सर्न रामेछाप-७ रामेछाप । | २६४९१५६.७२। | |

जनस्वास्थ्य कार्यालय रामेछाप



बागमती प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
**पूर्वाधार विकास कार्यालय**
ललितपुर

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०८२।११।२६ (2026 March 10)**

पूर्वाधार विकास कार्यालय, ललितपुरको तपसिल बमोजिमको निर्माण कार्यहरु खरिद सम्बन्धी मिति २०८२।१०।१५ मा प्रकाशित सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएका बोलपत्रदाताहरु मध्ये निम्नानुसारका न्यूनतम मूल्याङ्कित सारभुतरुपमा प्रभावग्राही बोलपत्रदाताको बोलपत्र; सार्वजनिक खरिद ऐन २०६३ दफा २७ (२) तथा ITB 33.1 बमोजिम स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | योजनाको नाम | बोलपत्रदाताको नाम | कबोल रकम रु. (VAT र PS समेत) |
|---|---|---|---|
| 1 | Upgrading of RadhaKrishna Mandir to Huchiltar Road,Tokha 1, Kathmandu [IDOLTP/W/NCB/185/2082-83] | Simachaur builders Pvt. Ltd, Kathmandu | 22,96,327.40 |
| 2 | Upgrading of Nayabasti Chihane Khola Sadak, Budhanilkantha 13, Kathmandu [IDOLTP/W/NCB/186/2082-83] | Om Bajra Construction and Suppliers Pvt. Ltd., Kathmandu | 15,44,399.77 |
| 3 | Upgrading works on Salghari Malta Motor Bato, Bagamati RM-2, Lalitpur [IDOLTP/W/NCB/187/2082-83] | Vigor Construction Pvt. Ltd., Dhading | 49,46,787.00 |
| 4 | Upgrading of Basketball Court Sadak Pitch Uttar Tarfako Bato Purbako Bato Dhalan, Budhanilkantha 8,Kathmandu [IDOLTP/W/NCB/188/2082-83] | Kapileshwor Nirman Sewa, Nuwakot | 11,40,206.35 |
| 5 | Upgrading of Thuli Brahmayani Mandir Jane Bato Cha.Na.Pa-8, Bhaktapur [IDOLTP/W/NCB/189/2082-83] | Samir Nirman Sewa, Bhaktapur | 11,97,076.30 |
| 6 | Upgrading of Pokhrel Gaun Pipalbot bata Shyam Krishna Dahalko Ghar bata Birauta jaane Sadak, Changunarayan 4, Bhaktapur [IDOLTP/W/NCB/190/2082-83] | Eco Promotional Construction Pvt. Ltd., Kathmandu | 13,53,776.79 |
| 7 | Upgrading of Hattiban Gwarko Road, Lalitpur-15 [IDOLTP/W/NCB/191/2082-83] | Kopila Nirman Sewa and Suppliers, Dolakha | 16,91,586.50 |
| 8 | Upgrading of 1) Araniko School bata Dr. Sumitra Gautan ko ghar hudai Sirutar jane bato, 2) Sirutar Jane Sadak bata Araniko School jane Sadak, Suryabinayak 4, Bhaktapur [IDOLTP/W/NCB/192/2082-83] | Karuna Builders and Suppliers Pvt. Ltd., Kathmandu | 70,33,581.16 |
| 9 | Upgrading of Helipad Sanga Jane Purano Sadak, Suryabinayak 10, Bhaktapur [IDOLTP/W/NCB/193/2082-83] | Fortified Builders Pvt. Ltd., Kathmandu | 44,51,793.95 |
| 10 | Upgrading of Kedar chowk dekhi purba tarfa sadak ,Madhyapur Thimi 1 ,Bhaktapur[IDOLTP/W/NCB/194/2082-83] | Chaulagain Builders and Suppliers Pvt.Ltd., Kathmandu | 14,61353.86 |

कार्यालय प्रमुख



**Invitation for Bids**
**Manavsewa Ashram, Biratnagar**
**Invitation for Bids No: MSA/NCB/W/10/2082/83**
**Date of publication: 26/11/2082**

1. ***Manavsewa Ashram has allocated funds*** towards the cost of ***Construction of Manavsewa Ashram Biratnagar*** and intends to apply part of the funds to cover eligible payments under the Contract ***for Construction of First and Second Floor of Existing Manavsewa Ashram Building (Block V) (CID: MSA/NCB/W/10/2082/83)*** Bidding is open to all eligible as per Section V of bidding document.
2. ***Manavsewa Ashram, Biratnagar*** invites sealed bids from eligible bidders for the construction of ***existing Manavsewa Ashram Dormitory Block's First and Second Floor*** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: ***1.5 Crore***
   - Minimum Work experience of similar size and nature: ***one building construction project of more than 1.5 Crore.***
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Manavsewa Ashram Raniban, Kathmandu or Manavsewa Ashram, Biratnagar***.
5. A complete set of Bidding Documents may be purchased from the office ***Manavsewa Ashram Raniban, Kathmandu*** and the office ***or Manavsewa Ashram, Biratnagar*** by eligible Bidders on the submission of a written application, along with the *copy of company/firm registration certificate*, and upon payment of a non-refundable fee of ***Nrs. 1500*** till ***25/12/2082 upto 1:00 P.M***.
   ***Bidders should deposit the cost of bidding document in the following account***
   ***Name of the Bank: NMB Bank***
   ***Account Name: MANAVSEWA ASHRAM-PROCUREMENT DEPARTMENT***
   ***Office Account no.: 0900076447800027***
6. Sealed bids must be submitted to the office ***Manavsewa Ashram Raniban, Kathmandu*** by hand on or before ***5:30 P.M*** on ***25/12/2082.*** Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 26/12/2082 ***11:00 A.M.*** at the office of ***Manavsewa Ashram Raniban, Kathmandu***. Bids must be valid for a period of ***90 days*** *from* the bid submission deadline and must be accompanied by a original bid security, amounting to a minimum of ***Nrs. 3,75,000*** which shall be valid for 30 days beyond the validity period of the bid i.e. ***20/04/2083.***
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
9. The Manavsewa Ashram reserves the right to accept or reject any proposal and also reserves the right to award the contract either partially or fully.
10. The proposed work must be completed within agreed days from date of commencement, at the same quoted rate, with no price escalation allowed.
11. The sealed bid should be marked "Bid for ***Construction of First and Second Floor of Existing Manavsewa Ashram Building (Block V)***"

| Contract No. | Project Name | Estimated Amount Including VAT | Bid document fee Non-refundable | Bid Security Amount |
|---|---|---|---|---|
| *MSA/NCB/W/10/2082/83* | *Construction of First and Second Floor of Existing Manavsewa Ashram Building (Block V)* | NRs. 1,64,43,673.21 | NRs. 1500.00 | NRs 3,75,000 valid Till 20/04/2083 |



**मलेसियामा रोजगार**

कम्पनी :VISKO INDUSTRIES SDN BHD — शहर :PORT KLANG
पूर्व स्वीकृत मितिः २०८२/११/२५ — चलानी नं.: ६०२५३२५२ — LT. No.: 339761

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/Factory Worker | 6 | 0 | स. काममा दक्ष | 1700 | ६३,१०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी :GUAN TONG INDUSTRIES SDN BHD — शहर :KEDAH
पूर्व स्वीकृत मितिः २०८२/११/२५ — चलानी नं.: ६०२५३२५० — LT. No.: 339760

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/Factory Worker | 15 | 0 | स. काममा दक्ष | 1700 | ६३,१०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी :DUNIA POLYMER EXTRUSION SDN BHD — शहर :PORT KLANG
पूर्व स्वीकृत मितिः २०८२/११/२५ — चलानी नं.: ६०२५३२४९ — LT. No.: 339759

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/factory Worker | 8 | 0 | स. काममा दक्ष | 1700 | ६३,१०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी :JINHUI INDUSTRIES SDN BHD — शहर :DAMANSARA
पूर्व स्वीकृत मितिः २०८२/११/२५ — चलानी नं.: ६०२५३२४८ — LT. No.: 339758

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/P.O. | 14 | 0 | स. काममा दक्ष | 1700 | ६३,१०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी :PASARAYA BSK SDN BHD — शहर :JOHOR
पूर्व स्वीकृत मितिः २०८२/११/२५ — चलानी नं.: ६०२५३२४७ — LT. No.: 339757

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/P.O. | 30 | 0 | स. काममा दक्ष | 1700 | ६३,१०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ चैत ३ गते (17 March 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

